**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं,
- आफ्नोनजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com





निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०८० जेठ ०८ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 May 22 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६१


## नारायणी अस्पतालमा कोभिड भवन बन्ने सम्भावना क्षीण

## तेस्रो अक्सिजन प्लान्ट जडान भएन, बिग्रने सम्भावना बढ्दो

प्रस, वीरगंज, ७ जेठ/

नारायणी अस्पतालमा निर्माण हुने कोभिड भवन प्राविधिक त्रुटिले नबन्ने अवस्थामा पुगेको छ । ५० शय्याको कोभिड भवन निर्माणको लागि स्वास्थ्य मन्त्रालयले चार करोड बजेट विनियोजन गरेर नारायणी अस्पतालमा पठाएको थियो । अस्पतालले प्राविधिकबाट सोको नक्शा तयार गरेर ठेक्का पनि लगायो । तर नक्शा तयार गर्ने बेलामा माटो परीक्षण नगरिएको र अस्पतालका प्राविधिकले तयार गरेको नक्शा अनुसार भवन बनाउँदा जोखिम हुने देखिएपछि ठेकेदारले माटो परीक्षण गराएको र परीक्षण रिपोर्टको आधारमा अस्पतालले तयार गरेको नक्शा अनुसार भवन बनाउन नमिल्ने भएपछि अर्को नक्शा तयार गरियो । पछिल्लोपटक माटो परीक्षणसहितको नक्शा बनाउँदा साबिक लागत मूल्य चार करोडमा कोभिड अस्पताल नबन्ने भएपछि यसबारेमा मन्त्रालयसँग पुनः पत्राचार गरिएको थियो । तर मन्त्रालयले यसबारेमा अहिलेसम्म कुनै जानकारी गराएको छैन । पुरानो नक्शा अनुसार बजेट विनियोजन गरिएको र सो अनुसार निर्माण नहुने भएर अर्को नक्शा तयार गरिएकोमा लागत बढेपछि मन्त्रालय अहिलेसम्म मौन छ ।

अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले प्राविधिक त्रुटि हुन गएकोले साबिकको नक्शा अनुसार भवन बन्न नसक्ने अवस्था सिर्जना भएको र नयाँ नक्शा तयार गर्दा साबिकको बजेटभन्दा बढी हुन गएकोले यसबारेमा मन्त्रालयबाट अहिलेसम्म कुनै जानकारी नगराइएको बताए । उनले कोभिड भवनको काम त्यत्तिकै थन्किएर बसेको बताए ।

अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभले कोभिड सकिएकोले भवन नबनेको हुन सक्ने बताए । उनले यसबारेमा आफूलाई कुनै जानकारी नै नभएको प्रतिक्रिया दिए ।

**अक्सिजन प्लान्टको ओइरो**

नारायणी अस्पताल वीरगंजमा अहिले अक्सिजन प्लान्टको ओइरो लागेको छ । नेपालमा कोभिड शुरू भएको २०७६ सालको अन्त्यपछि अहिलेसम्म चार वर्षमा तीनवटा अक्सिजन प्लान्ट अस्पतालमा आइसकेको छ । जसमध्ये दुईवटा प्लान्ट जडान गरिएको छ भने एउटा त्यत्तिकै थन्काएर राखिएको छ । कोभिडको प्रकोप बढेसँगै पहिलोपटक अस्पतालमा पूर्वसांसद विमलप्रसाद श्रीवास्तवले त्यतिखेर संसदीय विकास कोषबाट रु दुई करोडको लागतमा अक्सिजन प्लान्ट सञ्चालनमा ल्याएका थिए । उनले जडान गरेको अक्सिजन प्लान्ट सञ्चालनमा आउन पनि निकै समय लागेको थियो । अस्पतालको विद्युतीय वायरिङ पुरानो भएको र त्यसले विद्युतीय भार थाम्न नसक्ने प्राविधिकले सुझाएपछि अस्पतालले अक्सिजन प्लान्ट सञ्चालनको लागि अक्सिजन सप्लाई हुने अस्पतालका शाखाहरूमा नयाँ वायरिङ गराएको थियो । पूर्वसांसद श्रीवास्तवले सो प्लान्ट सञ्चालनमा ल्याएको एकाध महीनापछि एउटा आइएनजिओले अस्पतालमा अर्को अक्सिजन प्लान्ट जडान गरेको थियो । त्यसपछि सरकारले नारायणीमा ५० शय्याको कोभिड अस्पताल बनाउने घोषणा गरेपछि मन्त्रालयले अर्को अक्सिजन प्लान्ट अस्पतालमा पठायो । गत एक वर्षदेखि सो अक्सिजन प्लान्ट अस्पतालबाहिर त्यत्तिकै काठको बक्सामा राखिएको छ । घामपानीले केही बक्साहरू टुटफुट भएर मेशिन चोरी हुन सक्ने सम्भावना बढेको छ ।

अस्पतालका सूचना अधिकारी डा सिंहले दुईवटा अक्सिजन प्लान्ट जडान भइसकेको र तेस्रो जडान हुन नसकेको बताए । कोभिड अस्पताललाई लक्षित गरेर आएको अक्सिजन प्लान्ट कोभिड अस्पताल बन्ने सम्भावना कम भएकोले जडान हुन नसकेको उनले बताए ।



नारायणी अस्पताल र अलपत्र अवस्थामा अक्सिजन प्लान्टका मेशिन । तस्वीरः प्रतीक

## नापीको आँखा नगवाको ऐलानी जग्गमा

प्रस, वीरगंज, ७ जेठ/

२ नं नापी गोश्वारा कार्यालय, छपकैयामा कार्यरत केही कर्मचारीहरूको लापरवाहीका कारण नगवावासीहरू समस्यामा परेका छन् ।

वीमनपा–१० नगवा, इनर्वा, भन्सार क्षेत्रका जग्गाहरूको नयाँ नापी भएपनि मालपोत कार्यालयमा अहिलेसम्म श्रेस्ता बुझाइएको छैन ।

कर्मचारी पियन अरुण उपाध्याय र सर्वेक्षक अशोक कुशवाहाका लापरवाहीका कारण स्थानीयहरू समस्यामा परेको बताइन्छ । दुवैजना अहिले सो क्षेत्रका भूमि नाप्नका लागि खटाइएका कर्मचारीहरू हुन् । महानगरका ती वडामा सबै जग्गाको नापनक्शा बनिसकेको अवस्थामा कर्मचारीहरूले अहिले पनि छुटेका जग्गाधनीहरूसँग मोटो रकम लिई काम गरिरहेको स्थानीयले जनाएका छन् ।

अहिले नापनक्शा भइसकेका जग्गाधनीहरू श्रेस्ता बुझाउनका लागि दबाब दिँदैछन् भने छुटेकाहरू आफ्नो पनि नापनक्शाको काम सकेर बुझाउन दबाब दिइरहेका छन् । स्रोतका अनुसार नयाँ जग्गा दर्ता हुने बेलामा चलाख व्यक्तिले अधिकांश ऐलानी जग्गा आफनो नाममा दर्ता गराउन सफल भएका थिए । त्यसैले पुरानाहरूले अहिले श्रेस्ता चाँडो मालपोत कार्यालयमा बुझाउन दबाब दिइरहेका हुन् । गोश्वारा नापीले यो क्षेत्रको श्रेस्ता डेढ वर्षअघि नै मालपोत कार्यालयमा बुझाउनुपर्ने थियो । पुराना नापी भएकाहरू चाँडोभन्दा चाँडो श्रेस्ता मालपोतमा पुगोस् र जग्गाधनी दर्ता प्रमाणपत्र बुझूँ भन्ने पक्षमा छन् भने तोकिएको समयमा नबुझाइएका श्रेस्ता अब अलिकति ढिलो भएपनि सबैको काम गरेर बुझाउन दबाब दिँदै आइएको छ । नगवा क्षेत्रमा थुप्रै ऐलानी, पर्ती जग्गा छन् । धेरैजसोले पञ्चायतकालमा नै नगरपालिकाबाट हकभोगको प्रमाण निस्सा लिएर नापीमा आफ्नो नाममा लेखाउन सफल भइसकेका छन् । महानगरपालिकाले यस्तो जग्गाको खोजी कार्य गर्न सकेको छैन । नापी कार्यालयका प्रमुख नारायण श्रेष्ठले स्थानीयको विरोधपछि आगामी साउनमा श्रेस्ता मालपोत कार्यालयमा पठाउने बताए । उनले दैनिकजसो सेवाग्राहीहरू आउने, हल्ला गर्ने गरेकाले आगामी साउनमा श्रेस्ता मालपोत पठाउने सहमति गरेको बताए ।




## नगर विकास योजना तथा मध्यकालीन खर्च संरचना तर्जुमा गोष्ठी सञ्चालन

प्रस, निजगढ, ७ जेठ/

दीर्घकालीन सोच, आवधिक लक्ष्य, विषय क्षेत्रगत रणनीतिसहितको आवधिक नगर विकास योजना तथा मध्यकालीन खर्च संरचना तर्जुमा चार दिने कार्यशाला गोष्ठी आइतवारदेखि निजगढ नगरपालिकामा शुरू भएको छ ।

कार्यक्रममा नगरप्रमुख सुरथ पुरीले निजगढ नगरको दीर्घकालीन विकासलाई सार्थकतामा पुऱ्याउन गोष्ठीले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । उनले जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, सचेत नगरवासी, सरोकारवाला सङ्घसंस्थालगायतका महत्त्वपूर्ण राय, सुझाव आवश्यक रहेको बताए । उनले निजगढको दीर्घकालीन विकासका समस्याहरूलाई पहिल्याउँदै समाधान गर्न गोष्ठीले महत्त्वपूर्ण भूमिका खेल्ने भन्दै सक्रिय सहभागिताका लागि उनले आग्रह गरे ।

उपप्रमुख सोममाया थिङले कार्यक्रमले निजगढमा विकासका प्रशस्त आधार भएकाले आआफ्नो क्षेत्रबाट राय, सुझाव सङ्कलन गरी समावेश गराउन सबैलाई आग्रह गरिन् ।



मन्तव्य दिँदै नगरप्रमुख पुरी, विज्ञ विके महर्जन । सहभागी सरोकारवाला प्रतिनिधिहरू । तस्वीरः प्रतीक

वडागतरूपमा जनप्रतिनिधि, नगरवासी, कर्मचारीहरूसँग प्रत्यक्ष राय, सल्लाह, सुझाव सङ्कलन गरिएका विषय वस्तुलाई अझै मसिनो ढङ्गले केलाउँदै आवधिक नगर विकास योजना तथा मध्यकालीन खर्च संरचना तर्जुमाका लागि समावेश गरी आगामी समयमा निजगढको भौतिक, सामाजिक, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सिंचाइ, कला, साहित्य, खेलकूदलगायत सबै सरोकारवाला विषयलाई समेट्दै निजगढको दीर्घकालीन विकासको लागि वस्तुगत विश्लेषण, समष्टिगत लक्ष्य निर्धारण, विषय क्षेत्रगत उद्देश्य, रणनीति उपविषय क्षेत्रगत उद्देश्य, रणनीति


(बाँकी अन्तिम पातामा)


## शिव महापुराण भारतीय भक्तजनहरूको भीड

प्रस, परवानीपुर, ७ जेठ/

वीरगंज, आदर्शनगरमा आयोजित शिव महापुराण कथामा सीमापारि भारतका भक्तजनहरूको उल्लेख सहभागिता रहेको छ । पुरुषार्थ आश्रम सेवा ट्रस्ट हरिद्वार एवं वीरगंज महानगरवासीको आयोजनामा भइरहेको सात दिने प्रवचन कार्यक्रममा भारतका बिहार, उत्तरप्रदेश, झारखण्ड, दिल्ली, पञ्जाब, हरियाणा, राजस्थान, गुजरातलगायतका राज्यबाट हजारौंका सङ्ख्यामा श्रद्धालु भक्तजनहरूको सहभागिता भइरहेको शिवमहापुराण कथाका संयोजक सुनील खेतानले बताए ।

जेठ ३ देखि ९ गतेसम्म दिउँसो २ देखि साँझ ५ बजेसम्म शिव महापुराण कथा वाचन भइरहेको आयोजक ट्रस्ट हरिद्वारका निरञ्जन महाराजले बताए । मुख्य कथावाचक, भारतका विश्वविख्यात पण्डित प्रदीप मिश्र रहेको र आज आइतवार कथाको पाँचौं दिनसम्म उनका भारतीय अनुयायी एवं समर्थकहरू विभिन्न स्थानबाट वीरगंज आइरहेका उनले बताए ।

प्रवचन सुन्न आउने सहभागीहरूको लागि निशुल्क गाँस र वासको व्यवस्था मिलाइएको ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतानले बताए ।



शिव महापुराण कथामा सहभागी भक्तजनहरू । तस्वीरः प्रतीक

### विचारसार र सूक्तिहरू

**कसैले साथ दिएन भनेर दुःखी किन हुनु ? सपना तिम्रो हो भने कोशिश तिमीले नै गर्नुपर्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# एउटा प्रयास यो पनि

**लगभग पाँच दशकदेखि चर्चामा रहेको श्रीसिया नदीको प्रदूषण हटाउने अभियानमा एउटा नयाँ आयाम जोडिन पुगेको छ । नदीलाई प्रदूषणमुक्त बनाउने, भूमिहीनलाई अधिकार दिलाई रोजगारी बनाउने तथा चुरे वन-जङ्गल संरक्षणका निम्ति चुरे तथा वन-जङ्गल संरक्षण अभियानले जन आवाज आन्दोलन शुरू गरेको छ । अभियानका सदस्य तथा नागरिक समाज विभिन्न कार्यक्रमसहित धर्ना बस्ने योजना लिएर वीरगंजदेखि काठमाडौंका लागि दलबलसहित निस्केको छ। नदीलाई प्रदूषणमुक्त बनाउन सरकारलाई दबाब दिने उद्देश्यले यो अभियान सञ्चालन गरिएको बताइएको छ। श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउन बितेका दिनमा धेरै मानिस, संस्था, सरकार सबैले प्रयास नगरेको चाहिं होइन। समाचारपत्रहरूले लेख्यालेख्यै छन्, छठ पूजाको बेला सम्पूर्ण नागरिक समाज, प्रशासन, प्रदूषणकर्तासमेत संवेदनशील नभएका होइनन् । सीमापार रक्सौलबाट समेत पर्यावरणवादीहरूले विरोधका कार्यक्रम सञ्चालन गरे । भारतीय संसद्मा समेत आवाज पुग्यो, तर फोहर नदी फोहर नै रह्यो ।**

**श्रीसिया नदी आफैं फोहर भएको होइन । सामाजिक र धार्मिक मान्यतालाई बलि चढाएर पैसा कमाउनेहरूको तीव्र धन-लालसाले यस नदीलाई फोहर-प्रदूषित बनाएको हो। सिमरादेखि वीरगंजसम्मको २७ किलोमिटर लामो नदी किनारमा कारखानैकारखाना स्थापित भएका छन् । नदी किनारमा कारखाना किन स्थापित भए भने कारखानाको फोहर सित्तैमा नदीमा खसाल्न पाइन्छ भनेर । नदी किनारमा स्थापित छाला कारखाना, स्टील फ्याक्ट्री, कपडा उद्योग, घ्यू, साबुनजस्ता कारखानाहरूबाट निष्कासित रसायनयुक्त, चरम दुर्गन्धित पदार्थ ठाडै नदीमा खसालिन्छ । यी विषालु पदार्थका कारण नदीको पानी प्रयोगविहीन भएको मात्र होइन, पानी छुने मानिस वा जीवजन्तु बिरामी पर्ने गरेका छन् । जलजन्तुहरूको त अब नदीमा अस्तित्वसमेत शेष छैन । यति मात्र होइन, नदीको मुहान चुरे जङ्गलको रामवन रहेको र विभिन्न प्रकारका जडीबुटीको सत्व लिएर निस्केको नदीको पानी आरोग्यवाहक पनि थियो । त्यसैको लोभमा सीमापारी रक्सौल छेउमा नदीको किनारमा सुन्दरपुर बस्ती बस्यो । यहाँ कोढी व्यक्तिहरूको उपचार गरिन्थ्यो र त्यसैका कारण यो बस्ती भारत र नेपालमा प्रसिद्ध पनि छ । तर अब नदीको पानीले गर्दा रोग निको हुनेभन्दा बल्भिने गरेको गुनासो छ ।**

**नेपालका केही उद्योगपतिहरूलाई मालामाल गराउने सरकारको नीतिले गर्दा नेपालको २७ किलोमिटर लामो भूभाग आज दुर्गन्ध र प्रदूषणको अभिशाप मात्र भोगिरहेको छैन, द्विदेशीय सम्बन्ध र वीरगंज-रक्सौलबीच स्थापित भगिनी शहरको मर्यादामा पनि दाग लाग्न पुगेको छ। यसै सन्दर्भमा अहिले शुरू भएको अभियानको विशेष महत्त्व देखिन्छ। तर आन्दोलनको गन्तव्य राजधानी भएकोले शङ्का लाग्छ-किनकि उर्दूमा भनिन्छ- जहाँ बेदर्द हाकिम हो, वहाँ फरियाद क्या करना ? विभिन्न अनियमितता, बेइमानी, स्वार्थपरता, भ्रष्टाचारकाण्डको लिसोले गुजुल्टिएको राजधानीको शासन, पशुपतिको जात्रा सिद्राको व्यापार भनेझैं नदीलाई प्रदूषणमुक्त बनाउने अभियानमा अन्य मामिला पनि गाँसिएको यस आन्दोलनमा राप नै कति होला र यसले गुजुल्टो पगाल्न सक्ला ! तर पनि मानिस सदा आशावादी रहेको छ । कहिलेकाहीं नपत्याएको खोलाले बगाउँछ भन्छन् । के ठेकान यस आन्दोलनले नै कुनै चमत्कार देखाउँछ कि !**

# शिक्षा र नैतिकता


शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**वस्तुपरक शिक्षा हरेक क्षेत्रमा उपयोगी हुन्छ तर जीवनमा पदार्थ मात्र महत्त्वपूर्ण हुँदैन । पदार्थको अध्ययन पनि आवश्यक छ तर राष्ट्रको भौतिक स्थितिमा सुधार ल्याउनका लागि जीवन मूल्यको उपयोग कसरी गर्ने भन्ने कला सिक्नु पनि त्यतिकै आवश्यक हुन्छ ।**

प्रत्येक राष्ट्रको सामाजिक एवं सांस्कृतिक उन्नयनमा त्यहाँको शिक्षा व्यवस्थाको महत्त्वपूर्ण भूमिका हुन्छ । हाम्रो देश नेपालमा पनि प्रजातन्त्र प्राप्तिपछि शिक्षाको क्षेत्रमा धेरै प्रगति भएको छ र वर्तमानमा वाणिज्य, विज्ञान, चिकित्सा आदि सङ्कायमा विभिन्न वर्गमा शिक्षाको गुणात्मक प्रचार भइरहेको छ। सूचना र प्रविधिको क्षेत्र वा कम्प्युटर शिक्षामा पनि नेपालमा विकास भइरहेको छ । तर पनि हाम्रो देशको शिक्षामा के कमी देखिएको छ भने नैतिक शिक्षामाथि जति ध्यान दिनुपर्ने हो त्यति दिएको पाइन्न। यस कारण वर्तमान सन्दर्भमा नेपाली पुस्ता संस्कारहीन र नितान्त भौतिकवादी बन्दै गएका छन्। वास्तवमा विद्यार्थी जीवन आचरणको पाठशाला हो। सभ्य, संस्कार सम्पन्न नागरिकको निर्माण विद्यार्थी जीवनमा नै हुन्छ । विद्यार्थीलाई जस्तो शिक्षा दिइन्छ, उनीहरू त्यस्तै नागरिक बन्छन् । यस कुरोलाई ध्यानमा राखेर शिक्षामा नैतिक शिक्षाको समायोजन गर्न आवश्यक देखिन्छ।

शिक्षाको कुरा गर्दा सामान्य अर्थमा के बुझिन्छ भने शिक्षाबाट वस्तुगत ज्ञान प्राप्त हुन्छ, जसको प्रयोग गरेर कुनै न कुनै जागीर हासिल गर्न सकिन्छ। यस प्रकारको शिक्षाबाट मानिसलाई समाजमा प्रतिष्ठा पनि हासिल हुन्छ । समाज र राष्ट्रका लागि यस प्रकारको ज्ञानको महत्त्व र आवश्यकता पनि हुन्छ किनभने शिक्षित राष्ट्र नै आफ्नो भविष्यलाई सार्थक बनाउन सक्षम हुन्छ। आज कुनै पनि राष्ट्रले विज्ञान र प्रविधिको महत्त्व अस्वीकार गर्न सक्दैन किनभने जीवनका हरेक पाइलामा यसको उपयोग हुने गर्दछ। वैज्ञानिक विधिको प्रयोग नेपालको सन्दर्भमा कृषि र पशुपालनमा गरेर हाम्रो देशमा पनि हरित क्रान्ति र श्वेत क्रान्ति ल्याउन सकिन्छ। यस कारण वस्तुपरक शिक्षा हरेक क्षेत्रमा उपयोगी हुन्छ तर जीवनमा पदार्थ मात्र महत्त्वपूर्ण हुँदैन । पदार्थको अध्ययन पनि आवश्यक छ तर राष्ट्रको भौतिक स्थितिमा सुधार ल्याउनका लागि जीवन मूल्यको उपयोग कसरी गर्ने भन्ने कला सिक्नु पनि त्यतिकै आवश्यक हुन्छ।

हामी सबैलाई के थाहा छ भने नेपालीहरूबीच फैलिएको भ्रष्टाचारले कसरी विकासको गतिलाई मन्थर पारिदिएको छ। हामी के पनि देखिरहेका छौं भने मूल्यमा ह्रास भएकोले समाजमा थरीथरीका अपराध घटित भइरहेका छन्। हामी के पनि देख्छौं भने मूल्यविहीन समाजमा असन्तोष फैलिरहेको छ । बेरोजगार बढेकाले युवाहरूमा देखा परिरहेको असन्तोषले गर्दा कैयन प्रकारका चुनौतीसँग जुध्नुपरिरहेको छ। सानादेखि ठूलासम्म सबै भ्रष्टाचारको अँध्यारो कुवामा डुबुल्की लगाइरहेका छन्। उनीहरूलाई समाज र राष्ट्रको कुनै चिन्ता छैन । यस परिवेशमा आत्मचिन्तन अनिवार्य हुन पुग्छ।

के हाम्रो शिक्षा प्रणाली दोषपूर्ण छ ? यदि शिक्षा व्यवस्थामा त्रुटि छ भने निश्चय नै मानिसमा दोष छ। आखिर कहीं न कहीं शीर्षासन चलिरहेको छ, जसले गलतलाई सही र सहीलाई गलत भन्न सकिरहेको छैन । यदि शिक्षा प्रणालीमाथि गहिरिएर दृष्टिपात गरियो भने यसमा भएका कमीकमजोरी परिलक्षित हुन्छ। नेपालको आधाभन्दा बढी शिक्षित मानिससँग कुनै लक्ष्य छैन। उनीहरू सामु गहिरो अँध्यारो छ। जसले आफ्नो जीवनको १६ बहुमूल्य वर्ष शिक्षालाई दियो, जसले आफूलाई यति लामो समय कुनै कार्यप्रति समर्पित गऱ्यो, ऊसँग कुनै काम नहुनु अर्थात् १६ वर्षसम्म गरेको श्रमको कुनै प्रतिफल नहुनु भनेपछि, यस्तो शिक्षा व्यर्थ हो।

केही युवा शिक्षा हासिल गरेर सफल पनि भए किनभने उनीहरूको भाग्यले साथ दियो तर बाँकीको के हुने हो जसलाई बाल्यकालमा के मात्र घोकाइयो कि पढ्छौ भने शेष जीवन सुखमय हुन्छ। राम्रो त के हुन्थ्यो भने प्राथमिकसम्म शिक्षा हासिल गरेर घैंटा बनाउन सिक्थ्यो, खेतीको ज्ञान हासिल गर्थ्यो, चियापसल खोलेर बस्थ्यो वा यस्तो कुनै सीप हासिल गर्थ्यो, जसबाट जीवन धान्न सहज हुन्थ्यो । यदि कुनै खेल नै खेल्थ्यो, नृत्य वा गीत गाउन सिक्थ्यो, कुनै यन्त्र बजाउन सिक्थ्यो भने पनि त्यसको सार्थकता हुन्थ्यो। हिजोआज यस्ता क्षेत्रहरूबाट पनि सम्मान र धन हासिल गर्न सकिन्छ । यदि पूर्णतया भौतिकवादी बनेर सोच्ने हो भने हाम्रो शिक्षाको जग नै गलत छ।

अक्षर ज्ञान आवश्यक छ भन्ने कुरामा शङ्का छैन। १६ वर्षसम्म शिक्षा हासिल गर्नु आवश्यक छ किनभने केटाकेटीहरू जीवनको हरेक क्षेत्रको कुरा बुझ्न सकून् तर क्याम्पसको डिग्री त्यतिकै मानिसलाई दिनुपर्ने हो, जसले डिग्री हासिल गरेर सजिलै जागीर प्राप्त गर्न सकोस् वा स्वरोजगारी बन्न सकोस् । मात्र मेधावी विद्यार्थीहरूलाई उच्च शिक्षा दिनुपर्छ र अन्य विद्यार्थीलाई रोजगारमूलक शिक्षा दिइयो भने हाम्रो देशमा केही वर्षमैं बेरोजगारी समस्या अन्त्य हुन सक्छ । भारतीय दार्शनिक रवीन्द्रनाथ टैगोरले भारतीय शिक्षा प्रणालीको कमीकमजोरी बुझेर बेग्लै प्रकारको शिक्षाको वकालत गरेका थिए।

यदि साँच्चीकै शिक्षा व्यवस्थामा सुधार ल्याउनु छ भने शिक्षामा नैतिक मूल्य समावेश गर्नु आवश्यक हुन्छ किनभने कुनै पनि कार्य यदि प्रस्ट नीतिबेगर गरिन्छ भने त्यो सफल हुँदैन। नीतिबाट नै नैतिक शब्द बनेको छ, जसको अर्थ सोचविचार गरेर बनाइएको नियम वा सिद्धान्त हुन्छ। तर वर्तमानको शिक्षामा नैतिक मूल्य समावेश नहुनुको अर्थ त्यो दिशाहीन हुनु हो । वर्तमान शिक्षाको प्रमुख उद्देश्य शिक्षा हासिल गरेर धन आर्जन गर्नु हो चाहे त्यो धन जसरी पनि हासिल होस् । यस कारणले नै हमेशा शिक्षित वर्ग भ्रष्टाचारलाई बढाउनुमा सबैभन्दा बढी अग्रसर छन् ।

शिक्षा हासिल गर्नको लागि एउटा प्रस्ट नीति हुनुपर्छ । विद्यार्थीहरूलाई शुरूदेखि नै जीवनमा के कस्ता समस्या भोग्नुपर्छ भन्ने जानकारी दिनुपर्छ । विद्यार्थीहरूलाई के पनि थाहा हुनुपर्छ भने जिउने बाटो अनेक छन् तर त्यो बाटो छान्नु श्रेयस्कर हुन्छ, जुन व्यक्तिविशेषको स्वभाव अनुकूल हुन्छ। नैतिक शिक्षामा सत्य, क्षमा, दया, इमानदारी, अहिंसाजस्ता ठूला-ठूला कुरा घोक्न लगाइ केही हासिल हुँदैन, यदि यस्ता कुराहरूलाई जीवनमा प्रयोग गर्ने अवसर प्रदान गरिँदैन भने । केटाकेटीहरूको मस्तिष्कमा प्रयोगात्मक कुराहरू सजिलै प्रवेश गर्छन्। यदि घोकन्ते उपदेशबाट उनीहरू प्रभावित हुन्थे भने आज समाजमा बेइमानी र भ्रष्टाचारको बोलवाला हुँदैनथ्यो ।

शिक्षासँग नैतिक मूल्यलाई जोड्नुको अर्थ के पनि होइन भने केटाकेटीहरूको निरन्तर बोझ बन्दै गएको ब्यागमा अझ एउटा किताब समावेश गरिदिनु। यसले उनीहरूको जीवनमा कुनै गुणात्मक परिवर्तन ल्याउँदैन किनभने केटाकेटीहरूको बुझाइमा यो पनि एउटा विषय हो र यसमा पनि राम्रो अङ्क हासिल गर्नुपर्छ भन्ने ठम्याइ पर्न जान्छ। यसबाहेक त्यस विषयको बेग्लै केही अर्थ उनीहरूको लागि हुँदैन । यसको साटो यदि उनीहरूलाई एउटा राम्रो वातावरणमा विद्यालय परिसरलाई जीवनको प्रयोगशाला बनाएर शिक्षालाई कुनै उद्देश्यसँग जोडिदिने हो भने उनीहरूको लागि बढी हितकर हुन्छ ।

खेल-खेलमा शिक्षा र ज्ञानलाई मनोरञ्जक बनाएर शिक्षा दिइन्छ भने केटाकेटीहरूमाथि बढी प्रभावकारी हुन्छ। साथै यदि विद्यालय तहदेखि नै प्रत्येक विद्यार्थीभित्र लुकेको क्षमता पहिचान गरेर त्यसलाई एउटा निश्चित दिशा प्रदान गरियो भने निश्चितरूपमा शिक्षा हासिल गर्ने उद्देश्य सफल हुन्छ। वर्तमान समयमा हाम्रो नैतिक मूल्यमा पनि परिवर्तन भइरहेको छ किनभने शहरीकरण, आधुनिक सभ्यता, वैज्ञानिक दृष्टिकोण आदिका कारण नयाँ पुस्ता पुरातनपन्थी विचारधारासँग टाँसिएर बस्न चाहँदैन।

यसर्थ शिक्षामा यस्ता नैतिक मूल्य जोड्ने असफल प्रयास गर्नुहुँदैन, जुन वर्तमान युग अनुकूल छैन। यसमा धार्मिक कट्टरता, कुनै धर्म विशेषप्रति आग्रहको भाव हुनुहुँदैन किनभने यसबाट शिक्षा आफ्नो उद्देश्यबाट विचलित हुन थाल्छ। सदाचारको त्यस्ता कुराहरू जो सबै धर्म वा सबै समुदायलाई मान्य छ, शिक्षामा समावेश गरेर हामी एउटा नयाँ प्रगतिशील समाजको निर्माण गर्न सक्छौं।

# सडक सुरक्षा सप्ताह समाप्त

प्रस, वीरगंज, ७ जेठ/

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साको आयोजना तथा सामुदायिक सेवा केन्द्र, विभिन्न सङ्घसंस्थाहरूको सहकार्यमा वीरगंज महानगरपालिकामा यही जेठ १ गतेदेखि शुरू भएको सडक सुरक्षा सप्ताह आइतवार समापन भएको छ।



साताको अन्तिम दिन आज सडक दुर्घटनामा परेर ज्यान गुमाएका मृतात्माको चिरशान्तिको लागि घण्टाघर चोकमा मैनबत्ती बालेर, एक मिनट मौन धारण गरी सप्ताह समापन गरिएको ट्राफिक प्रहरी निरीक्षक मणिराम थापाले बताए।

उनले समापन कार्यक्रममा सडक सुरक्षा सप्ताह मात्र मनाएर ट्राफिक सुधार, सचेतना सम्भव नभएको भन्दै यस प्रकारका कार्यक्रमले निरन्तरता पाउनुपर्ने बताए। उनले सबैको सहकार्य रहेको खण्डमा सप्ताह मनाउन आगामी दिनमा पनि ट्राफिक व्यवस्थापनको जिम्मेवारी लिन तयार रहेको बताए। उनले अधिकांश सवारी दुर्घटना युवाहरूबाट हुने गरेकाले उनीहरूलाई लक्षित गरेर सचेतना कार्यक्रम अगाडि ल्याउनुपर्ने बताए। उनले युवाहरू ट्राफिक नियमप्रति सचेत हुने हो भने दुर्घटना न्यूनीकरण हुने विश्वास व्यक्त गरे।

# गङ्गा दशहरा स्नान : पाप कट्ने धार्मिक विश्वास

काठमाडौं, ७ जेठ/रासस

ज्येष्ठ शुक्ल प्रतिपदादेखि दशमीका दिनसम्म वाग्मतीलगायत देशभरका विभिन्न तीर्थमा लाग्ने गङ्गादशहरा स्नान मेला शुरू भएको छ।

गोकर्णेश्वर नगरपालिका-१ सुन्दरीजलस्थित वाग्मतीमा शैलमती मिसिएर बनेको तीर्थ सिद्धगयाको प्राकृतिक सुन्दरतालाई थप आकर्षक बनाइरहेका दुई झरनाको नजीकमा शनिवारदेखि नै स्नान गर्न भक्तजन भेला भएका छन् । यसै वर्षदेखि यहाँ व्यवस्थितरूपमा स्नान गर्ने व्यवस्था गरिएको छ । वाग्मती र शैलमतीको सङ्गममा गङ्गादशहरा स्नान गरी भगवान् शैलमतेश्वरको दर्शन गरेमा पापमोचन भई मुक्ति प्राप्त हुने धार्मिक विश्वास छ।

दश प्रकारका पाप हरण गर्न ज्येष्ठ शुक्ल पक्षमा स्वर्गबाट पृथ्वीमा भगीरथले गङ्गा अवतरण गराएको सम्झनामा देशभरका नदीमा दशहरा स्नान गरिन्छ। ज्येष्ठ शुक्ल पक्षका १० दिनमा गङ्गा वा नदी किनारमा गई स्नान गरेमा १० प्रकारका पाप नाश हुने धार्मिक विश्वास छ। कसैले नदिई कुनै वस्तु लिनु, विनायज्ञ हिंसा गर्नु, परस्त्री गमन गर्नु, कठोर वचन बोल्नु, असत्य बोल्नु, परनिन्दा गर्नु, प्रलाप गर्नु, अरूको सम्पत्ति हडप्ने इच्छा राख्नु, अरूलाई हानि पुऱ्याउने इच्छा राख्नु र विनाकारण दुराग्रह राख्नेजस्ता पाप दशहराका अवसरमा गङ्गा, त्रिवेणी वा नदीमा गई स्नान गरेमा नाश हुने शास्त्रीय मान्यता छ।

सिद्धगयाका साथै काठमाडौंको हत्यामोचनघाट, रसुवाको गोसाइँकुण्ड, कपिलवस्तुको वाणगङ्गा, नवलपरासीको त्रिवेणीसङ्गमलगायत देशभरका नदीमा दशहरा स्नान मेला लाग्ने गर्दछ। शरीर, मन र वचनले गरिने १० प्रकारका पाप दशहराका अवसरमा स्नान गरेर नाश हुने विश्वासमा गङ्गा दशहरा भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईले जानकारी दिए।

कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरपालिकाको सङ्गमस्थित वाग्मती नदी किनारमा रहेको हत्यामोचनघाटमा पनि स्नान मेला लागेको गङ्गा दशहरा स्नान एवं पूजा समितिका अध्यक्ष रोहित लिम्बूले जानकारी दिए। पौराणिक कथा अनुसार परशुरामले पिता ऋषि जमदग्निको आदेशानुसार माता रेणुकाको हत्या गरेपछि यही स्थलमा स्नान गरी पापमोचन गरेकाले यो स्थानलाई

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# कुपोषित बालबालिकाको सङ्ख्या बढ्दै

वीरगंज, ७ जेठ/रासस

पछिल्लो समस्या पर्साको वीरगंज महानगरपालिका क्षेत्रमा कुपोषित बालबालिकाको सङ्ख्या बढ्दै गएको



पाइएको छ । गर्भवतीमा पोषणयुक्त खानाको अभाव, बालविवाहको प्रचलन र सानै उमेरमा बच्चा पाउनु, आमाले सरसफाइमा ध्यान नदिनु, सही तरीकाले स्तनपानको ज्ञान नहुनु, आमालाई कामको अत्यधिक बोझ हुनु र पारिवारिक बेवास्ताजस्ता कारणले कुपोषित बालबालिकाको सङ्ख्या बढ्दै गएको महानगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

चालू आर्थिक वर्ष २०७९/८० को १० महीनाको अवधिमा १७४ कडा खालका कुपोषित बालबालिका फेला परेका महानगरपालिकाको स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक तथा पोषण फाँट प्रमुख सुनीलकुमार कुर्मीले जानकारी दिए। उनका अनुसार विभिन्न स्वास्थ्य केन्द्रमा स्वास्थ्य परीक्षणका क्रममा फेला परेका ती कुपोषित बालबालिकामध्ये ५६ बालबालिकालाई महानगरपालिकाद्वारा सञ्चालित ओटिसी सेन्टरमा भर्ना गरी उपचार गरिएको छ।

वीरगंज महानगर क्षेत्रमा गत आव २०७८/७९ मा ४९ जना कुपोषित बालबालिका फेला परेका थिए, जसमध्ये ४४ जनाको उपचार गरिएको जनाइएको छ । यस्तै, आव २०७७/७८ मा ४३ जना कुपोषित बालबालिकामध्ये ३९ जनाको र आव २०७६/७७ मा फेला परेका २२ जनामध्ये १८ जनाको उपचार गरिएको प्रमुख कुर्मीले बताए ।

जन्मदेखि पाँच वर्षमुनिका कुपोषित बालबालिकालाई आवश्यक स्वास्थ्य जाँचसहित पोषणयुक्त खानाका लागि महानगरपालिकाले गत आव २०७६/७७ देखि वीरगंज स्वास्थ्यचौकीसहित बगही स्वास्थ्यचौकी र श्रीसिया स्वास्थ्यचौकीमा ओटिसी सेन्टर चलाउँदै आएको छ ।

"शुरूमा कुपोषित बालबालिकालाई ओटिसी सेन्टरमा भर्ना गर्छौं"–प्रमुख कुर्मीले भने–"ओटिसी सेन्टरमा भर्ना भएका बच्चाको पहिले भोक जाँच गर्छौं, अनि पोषणयुक्त खाना खुवाउँछौं।" खाना खान सक्ने बच्चालाई थप १४ दिनसम्म पोषणयुक्त खाना दिएर घर पठाउँछौं, खाना खान नसक्ने बच्चालाई थप स्वास्थ्य जाँचसहित उपचारका लागि वीरगंजस्थित पोषण पुनर्स्थापना गृह पठाउँछौं। पोषण पुनर्स्थापना गृहमा बच्चा र आमालाई राखेर बच्चालाई पोषणयुक्त खाना र उपचार हुने गरेको उनले बताए ।

बालबालिकामा बढ्दो कुपोषणको समस्या न्यूनीकरण गर्न महानगर क्षेत्रभित्र स्वास्थ्य स्वयंसेविकामार्फत वडा–वडामा सचेतनामूलक कार्यक्रमसँगै बालबालिका तथा सुत्केरी आमालाई बालभिट्टा, लिटोलगायत पोषणयुक्त खाना र गर्भवती महिलालाई आइरन चक्की वितरण गर्दै आएको प्रमुख कुर्मीको भनाइ छ ।

नारायणी उपक्षेत्रीय अस्पताल हाताभित्र सन् २००६ देखि सञ्चालित पोषण पुनर्स्थापना गृहले आजसम्म दुई हजार ८२८ कुपोषित बालबालिकालाई अभिभावकसँगै राखेर निश्शुल्क उपचार सेवा दिएको छ। पोषण पुनर्स्थापना गृह वीरगंजका प्रमुख सरिता यादवका अनुसार सन् २००७ देखि हालसम्म एक हजार ५२४ बालक र एक हजार ३०४ बालिका गरी दुई हजार ८२८ कुपोषित बच्चाको उपचार गरिएको छ।

पोषण पुनर्स्थापना गृहमा बच्चाको आमा र अन्य अभिभावकलाई पोषणसम्बन्धी शिक्षासमेत दिइन्छ । "हामी आमालाई पौष्टिक आहार बनाउने र खुवाउने तरीका पनि सिकाउँछौं,"– गृह प्रमुख यादवले भनिन्–"कुपोषित बच्चाले निश्शुल्क उपचार, रेखदेख र परामर्श सेवा पाउने गर्छन् ।" अहिले पोषणगृहमा १४ जना कडा खालका कुपोषित बच्चाको उपचार भइरहेको उनले बताइन् ।

बच्चालाई पोषणको मात्रा पुग्नेगरी पौष्टिक खानेकुरा, भिटामिनलगायत औषधिसमेत खुवाइन्छ । कुपोषणका कारण बच्चामा अन्य रोगको पनि सङ्क्रमण बढ्ने भएकाले अस्पतालका चिकित्सकबाट बच्चाको नियमित स्वास्थ्य जाँचसमेत गराउने गरिएको उनको भनाइ छ ।

अति कुपोषणग्रस्त बच्चालाई दुई महीनासम्म पोषण गृहमा राखेर उपचार र रेखदेख गर्ने गरिएको छ। सामान्यतया १६ दिनको उपचारले बालबालिका निको भई घर फर्कने गरेका छन्। एक महीनामा पुनः स्वास्थ्य जाँचका लागि बच्चालाई गृहमा बोलाउने गरिएको प्रमुख यादवले बताइन् ।

कुपोषण हुँदा बच्चा दुब्लाएर ख्याउटे हुने, आँखाभित्र गड्ने, हातखुट्टा राम्ररी नचल्ने, कपाल खैरो हुने, लामो समयसम्म निदाउने, बढी रुने, झगडा गर्नेजस्ता लक्षण देखिने गरेको बालरोग विशेषज्ञ डा सरोजकुमार यादव बताउँछन्। "धेरै अभिभावकलाई बच्चामा कुपोषित भए–नभएको थाहा हुँदैन"–डा यादवले भने–"पोषिलो खानेकुराको अभावमा हुने कुपोषणको प्रभाव शारीरिक र मानसिक दुवै स्वास्थ्यमा देखिने गरेको छ ।" बच्चाले खाना नखाने, धेरै रुने, सुत्ने, झगडा मात्र गर्नेजस्ता समस्या कुपोषणको असरले पनि हुन सक्ने उनको भनाइ छ।

# नेप्से परिसूचक उकालो यात्रामा

काठमाडौं, ७ जेठ/रासस

धितोपत्र बजारमा शेयर कारोबार




मापक नेप्से परिसूचक आइतवार झन्डै छ अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक पाँच दशमलव ८८ अङ्कले उकालो लागेर एक हजार ८८३ दशमलव २० मा पुगेको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव १४ अङ्कले उकालो लागेर ३५८ दशमलव ३३ मा पुगेको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये चार उपमूहको शेयर मूल्यमा गिरावट आउँदा नौ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ ।

कुल ४८ लाख २८ हजार ७७६ कित्ता शेयर रु एक अर्ब ६० करोड चार लाख ९२ हजार ७३१ मूल्यमा खरीद–बिक्री भएका छन् । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु छ करोड १७ लाख ६५ हजार ४८० बराबरको शेयर कारोबार भयो ।

यस्तै, राष्ट्रिय बीमा कम्पनी रु पाँच करोड २८ लाख ९९ हजार ७५३, तारागाउँ रिजेन्सी होटल रु चार करोड एक लाख ३३ हजार ५३१, नागरिक लगानी कोष रु तीन करोड ७० लाख ९२ हजार र नेपाल दूरसञ्चार कम्पनी रु तीन करोड ६४ लाख ९० हजार ५६४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार राष्ट्रिय बीमा कम्पनी र आत्मनिर्भर लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ । सनराइज फोकस्ड इक्विटी फन्ड सात दशमलव ८०, पोखरा फाइनान्स छ दशमलव १६ र तारागाउँ रिजेन्सी होटलका लगानीकर्ताले पाँच दशमलव ५७ प्रतिशतले कमाएका छन् ।

यसैगरी, आदर्श लघुवित्त छ दशमलव ५६, ग्लोबल आइएमई ब्यालेन्स फन्ड पहिलो पाँच दशमलव १८, मन्दाकिनी हाइड्रोपावर चार, राप्ति हाइड्रोपावर तीन दशमलव ९५ र एनबिबिएल डिभेन्चरका लगानीकर्ताले तीन दशमलव ९४ प्रतिशतले गुमाएका छन् ।



कलशयात्रामा सहभागी बालिकाहरू । तस्वीरः प्रतीक

# नीति तथा कार्यक्रम यथार्थपरक छैन -ओली



काठमाडौं, ७ जेठ/रासस

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम यथार्थताको नजीक नरहेको आरोप लगाएका छन् ।

यही जेठ ५ गते राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेका नीति तथा कार्यक्रममाथि आजदेखि प्रतिनिधिसभामा शुरू भएको छलफलका क्रममा उनले यो नीति तथा कार्यक्रमले देश र जनताको आवश्यकतालाई सम्बोधन गर्न नसक्ने बताए । उनले नीति तथा कार्यक्रम पुनर्लेखन गर्न माग गरे ।

प्रमुख प्रतिपक्षी दलका नेता ओलीले सरकारको नीति तथा कार्यक्रमले १५औं पञ्चवर्षीय कार्यक्रमको समेत समीक्षा गर्न नसकेको बताए। उनले भने, "१५औं पञ्चवर्षीय कार्यक्रमको अन्तिम वर्षमा त्यसको गम्भीरताका साथ समीक्षा हुनुपर्नेमा कार्यक्रम सफल भयो भएन ? कति उपलब्धि हासिल गर्न सकियो सकिएन समीक्षा गर्नुपर्नेमा त्यसमा सरकारको नीति तथा कार्यक्रम चुकेको छ ।"

उनले कुनै पनि कालखण्डको भ्रष्टाचारको छानबीन गर्नुपर्ने र त्यसमा सबैको साथ तथा सहयोग हुनुपर्ने धारणा राखे। अध्यक्ष ओलीले नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषीलाई कारबाही हुनुपर्ने र निर्दोष व्यक्ति फस्न नहुने बताए। "दोषीमाथि दृढताका साथ कारबाही होस्। ढाकछोप गर्ने धृष्टता नगरियोस्," उनले भने ।

उनले राष्ट्रिय समस्या समाधानका लागि सहमति, सहकार्य र एकताबाट मात्रै अगाडि बढ्न सकिने धारणा राखे। उनले सदन चलाउन तथा देशका समस्या समाधानका लागि शीर्ष नेताका बीचमा छलफल भएको जानकारी पनि दिए । तीन दलका शीर्ष नेता राष्ट्रिय हितलाई केन्द्रमा राखेर छलफल गर्ने गरेको उनको भनाइ थियो ।

पूर्वप्रधानमन्त्री ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आसन्न भारत भ्रमणमा राष्ट्रिय हितलाई केन्द्रमा राखेर छलफल गर्नुपर्ने सुझाव दिए। उनले न्याय र समृद्धि नै लोकतन्त्र भएकाले आफ्नो दलले त्यसलाई आत्मसात् गरेको उल्लेख गरे ।

# बुद्ध एयरको जहाजमा मुसा

काठमाडौं, ७ जेठ/रासस

जहाजभित्र मुसा देखिएपछि शनिवार जनकपुरमा ग्राउन्डेड गरिएको बुद्ध एयरको नाइन एन–एजेएल जहाजमा आज बिहान फेरि ट्र्यापमा मुसा भेटिएको छ ।

बुद्ध एयरका अनुसार जनकपुरबाट काठमाडौं उडान भर्ने तयारीमा रहेको उक्त जहाजमा यात्रुले मुसा देखेपछि उडान स्थगित गरिएको थियो । जहाजलाई सम्पूर्ण जाँच गरी करीब तीन घण्टासम्म 'रनअप' लिई थप सजकता अपनाइएको थियो ।

आज दिउँसो प्रशिक्षक चालक र प्राविधिक टीमले सो जहाजलाई काठमाडौं ल्याएको र जहाजलाई थप निरीक्षण गरी आजैबाट पुनः व्यावसायिक उडान थालिने बुद्ध एयरले सूचनामा उल्लेख गरेको छ । कम्पनीले यात्रुलाई आफ्नो ब्यागेज तथा लगेजलाई राम्ररी प्याक तथा बन्द गरी ल्याउन पनि अनुरोध गरेको छ ।

# जनमत पार्टीले जनमत सङ्कलन गर्ने

काठमाडौं, ७ जेठ/रासस

जनमत पार्टीले आफ्नो पार्टीबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिको काम सन्तोषजनक रहे/नरहेकोबारे जनमत सङ्कलन गर्ने भएको छ ।

सो पार्टीले आज एक सूचना प्रकाशित गरी आगामी साउन ६ गते जनमत सङ्कलन गर्न लागिएको जनाएको छ । जनप्रतिनिधिको काम सन्तोषजनक नरहे वा जनताको अपेक्षा प्रतिकूल भई नियन्त्रणबाहिर गएमा आवश्यक कारबाही गर्ने वा फिर्ता बोलाउने, जनताको पक्षमा काम गर्न अभिप्रेरित गर्ने पार्टीको नीति रहेको सो सूचनामा जानकारी दिइएको छ ।

सो पार्टीद्वारा प्रकाशित सूचनामा "तपाईंको जनप्रतिनिधिले जनमत पार्टीको अवधारणा अन्तर्गत जनताका लागि काम गरेको छ कि छैन ?" भन्ने प्रश्नमा मतदान हुने भनिएको छ । मतदानमा २०८० वैशाख ३० गतेसम्म सदस्यता लिएका सम्बन्धित वडा/पालिकाका जनमत पार्टीका सदस्यले भाग लिन पाउनेछन् । मतदानको व्यवस्था जनमत पार्टीबाट निर्वाचित भएका सम्बन्धित स्थानीय तहले नै मिलाउने जनाइएको छ।

# प्राध्यापकलाई राजनीतिक दलको जिम्मेवारी, आयोगको पत्राचार

काठमाडौं, ७ जेठ/रासस

निर्वाचन आयोगले विश्वविद्यालयका प्राध्यापकहरू राजनीतिक दलमा आबद्ध




भएको सम्बन्धमा सम्बन्धित राजनीतिक दल, प्राध्यापक र विश्वविद्यालयलाई पत्राचार गरी जवाफ माग गरेको छ ।

केही राजनीतिक दलले विश्वविद्यालयका प्राध्यापकहरूलाई केन्द्रीय सदस्य, महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य बनाइएको भन्दै आयोगले पत्राचार गरेको हो ।

आयोगले सम्बन्धित राजनीतिक दललाई त्यसरी प्राध्यापकलाई जिम्मेवारी दिइएको हो वा होइन ? दिन मिल्ने हो वा होइन ? भन्ने बेहोराको पत्र पठाएको छ। साथै विश्वविद्यालयलाई सम्बन्धित प्राध्यापकहरू राजीनामा दिएर दलीय जिम्मेवारीमा गएको हो वा होइन भनी प्रश्न सोधेको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ विपरीत प्राध्यापनमा संलग्न व्यक्तिलाई सदस्यता प्रदान गरिएको भन्ने उजूरी प्राप्त भएपछि सम्बन्धित राजनीतिक दल, प्राध्यापक र विश्वविद्यालयलाई आयोगले पत्र पठाएको हो ।

नेपाल समाजवादी मोर्चाका संयोजक युवराज पौडेलले त्रिभुवन विश्वविद्यालय व्यवस्थापन केन्द्रीय विभागका सहप्राध्यापक तथा प्रजातन्त्रवादी प्राध्यापक सङ्घ नेपालका अध्यक्ष जगत तिमिल्सिना, त्रिवि रसायनशास्त्र विभागका सहप्राध्यापक तथा सो सङ्घका महासचिव राजेन्द्र गौतम, वाल्मीकि विद्यापीठका सहप्राध्यापक र सङ्घका उपाध्यक्ष कृष्णाकान्त पराजुली नेपाली काङ्ग्रेसको महाधिवेशन प्रतिनिधि एवं महासमिति सदस्य र त्रिवि केन्द्रीय अर्थशास्त्र विभागका सहप्राध्यापक उमाशङ्कर प्रसाद जनता समाजवादी पार्टी नेपालको केन्द्रीय सदस्य पदमा रहेको भन्ने सम्बन्धमा आयोगमा उजूरी दिएका थिए ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा २ को खण्ड (ग)मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको नेपाली नागरिकलाई विधान बमोजिम अधिकार प्राप्त पदाधिकारीले दलको सदस्यता वितरण गर्न सक्नेछ भन्ने व्यवस्था छ ।

# बजेटमा समावेश गर्नुपर्ने प्रमुख मुद्दा

## विचार



**डा विश्वम्भर प्याकुरेल**

> **नतीजा दिने परियोजनामा गरिएको खर्चको प्रभावकारिता कसरी बढाउन सकिन्छ, त्यसमा सरकारको क्षमता अभिवृद्धि आवश्यक छ । परियोजनामा भ्रष्टाचार नियन्त्रण गर्ने प्राविधिक र कानूनी संयन्त्र तर्जुमालाई विशेष स्थान दिनुपर्छ ।**

आर्थिक गतिविधि न्यून हुँदा स्वतः राजस्व घट्छ। यसले गर्दा बजेट घाटामा रहन्छ । अहिले हामी यही अवस्थाबाट गुज्रिरहेका छौं। यसले गर्दा सार्वजनिक खर्च धान्न मुश्किल मात्र भएको छैन, बरु आर्थिक–सामाजिक असमानतासमेत अत्यधिक वृद्धि भएको छ। जीवनरक्षाका लागि स्वास्थ्य सेवा, खाद्यान्न उपलब्धताका लागि गरिने अस्तित्व केन्द्रित खर्च र भौतिक पूर्वाधार र शिक्षामा गरिने लगानीबीचको खर्च विनियोजन अनिश्चित भएको छ । डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ र वित्तीय 'स्पेस' साँघुरिएको छ । विश्वव्यापी मन्दीका कारण पनि वैदेशिक सहयोग घटेको छ ।

आर्थिक मन्दी बढ्दै गएर बेरोजगारी र गरीबी अकासिएको छ। खुम्चिँदै गएको आर्थिक स्रोतमा सामाजिक सुरक्षाका लागि छुट्याउन पर्ने खर्चमा प्रश्नचिह्न लागेको छ । वित्तीय अभावको यस्तो असामान्य परिस्थितिले गर्दा नीतिगत जटिलता अझ बढाएको छ। अर्को कुरा बृहत् आर्थिक परिसूचकले दिएको हाँक र मन्दीतर्फ बढिरहेको अर्थतन्त्रका बीच आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट प्रस्तावित गर्नु कम हाँकपूर्ण छैन । यिनै व्यावहारिकताका बीच तत्कालीन आवश्यकता पूर्ति गर्नु र भावी समुन्नतिको सपना जिउँदो राख्नु सरकारको उत्तरदायित्व हो । यस्तो अवस्थामा सतर्कताका साथ बनाइने योजना र निर्देशित नीतिसम्बन्धी पहल आवश्यक छ ।

मन्दीलाई प्रतिवाद गर्न वित्तीय प्रोत्साहन अन्तर्गत सरकारले भौतिक संरचना, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षामा खर्च वृद्धि गर्नुपर्छ । पैसा नभएका बेला वित्तीय प्रोत्साहन दिने कुरा जस पाउने सिफारिश त पक्कै हैन तर यस्तो लगानीले रोजगार सिर्जना, आर्थिक गतिविधिमा बढावा र मन्दीबाट निर्घातरूपमा पीडित वर्गलाई सहारा दिने कुरा अवश्यम्भावी छ । मौद्रिक नीति बजेटको दायरामा नपरे पनि केन्द्रीय बैंकसँगको समझदारी अति नै आवश्यक छ । अहिले परम्परागत शैलीमा अर्थ मन्त्रालय र राष्ट्र बैंक आआफ्नो तरीकाले स्वतन्त्ररूपमा अघि बढे भने दुर्घटना हुन सक्छ । राजनीतिक विचारधारा र लगावलाई बिर्सेर अर्थतन्त्रलाई जोगाउन पारस्परिक समझदारी आवश्यक छ । ब्याजदर घटाउने र मुद्राको परिमाणात्मक सहजताको पहल शुरू गरिसकिएको छ । यसलाई अहिलेको पछिल्लो परिसूचक अनुसार यी नीतिमा पुनर्विचार आवश्यक छ किनभने यसले व्यापारिक गतिविधिलाई बढाएर उपभोक्ताको खर्च वृद्धि गर्न सहयोग गर्छ।

दूरगामी वित्तीय अस्थिरता नझेल्न र वित्तीय प्रोत्साहनलाई टेवा दिन अहिलेसम्म हामी ऋण लिन सक्ने क्षमताभित्रै रहेकोले ऋणको व्यवस्थापन अन्तर्गत बजेटले थप ऋणको प्रावधान राख्नु जरुरी छ । ऋण व्यवस्थापन र वित्तीय क्षेत्र छ भन्दै हरेक वर्ष बढ्दै गएको ऋणको प्राथमिकीकरण र उत्पादकत्व निगरानीमा पूर्णरूपले असफल भएकाले यसपटक दण्ड र पुरस्कारको व्यवस्था अनिवार्यरूपमा गर्नुपर्ने देखिन्छ ।

आर्थिक पुनर्स्थापना ढिलो र मन्दी लम्बिएका कारण बजेटले कर सुधारलाई प्राथमिकतामा राख्नुपर्छ । यो यस्तो सुधारको परिकल्पना हो, जहाँ कर प्रगतिशील, दक्ष हुँदै आर्थिक क्रियाकलापलाई व्यवधान नपुऱ्याइ आवश्यक राजस्व सङ्कलन गर्न सक्षम हुन पुगोस् । निजी क्षेत्र सुदृढीकरण भाषणमा सीमित छ । गर्वका साथ देखाउन सक्ने सरकारी–निजी क्षेत्र साझेदारी (पिपिपी)का एउटा पनि उदाहरणीय परियोजना हामीसँग छैन । प्रशासनिक जटिलता न्यूनीकरण गरेर 'डुइङ बिजिनेस' का तात्त्विक व्यवधानमा आवश्यक सुधार कार्यान्वयनमा ल्याइ मन्दीबाट मर्माहित समूहको जीवन धान्नका लागि बजेटले निर्देशित कार्यक्रम ल्याउन आवश्यक छ । यी यस्ता समूह हुन्, जो बोल्न पनि सक्दैनन् र जसका लागि बोली दिने समूह पनि छैन ।

हामीले बुझेर पनि बुझ पचाएका कुरा के हुन् भने स्रोतको अनुपलब्धताका नाममा मानव पूँजीमा गरिने लगानीमा कञ्जुस्याइँ। शिक्षा, स्वास्थ्य सेवा र सामाजिक सेवाले जीवनमा गुणात्मक सुधार मात्र ल्याउँदैन, यसले जनशक्तिको उत्पादकत्वमा पनि वृद्धि ल्याउँछ। यसको अर्थ यस्ता क्षेत्रमा गरिने लगानीले दीर्घकालमा आर्थिक विकासलाई सघाउँछ। हाम्रो अर्थतन्त्र सीमित क्षेत्रमा आधारित रहेको छ र ती क्षेत्रको विश्वसनीयता आकलन गर्न नसकिने चरित्रको छ। उदाहरणका लागि हाम्रो वैदेशिक व्यापारमा विविधीकरणको अभाव छ । यसो भन्नुको अर्थ अन्य विश्वव्यापी हाँक र जटिलताको अलावा नेपालको मन्दीको मूल कारण संरचनात्मक कमीकमजोरी र कार्य सञ्चालनमा देखिने अक्षमता हो। बजेटमा यी कुरालाई ध्यानमा राख्न सकियो भने यसले निर्देशित लगानी र नियामक सुधारलाई प्रोत्साहित गर्छ।

केही वर्षयता नेपालमा जलवायु परिवर्तन गम्भीर समस्याका रूपमा देखा परेको छ । अप्रत्याशित बाढी, बढ्दो तापक्रम, भूक्षय, हिमनदी विस्फोट इत्यादिले खाद्य असुरक्षा र गरीबी तीव्ररूपमा वृद्धि भइरहेको छ । यसपालिको बजेटमा जलवायु परिवर्तनबाट भइरहेको क्षति न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकूलन नीतिका लागिसमेत स्रोत व्यवस्थापन आवश्यक छ । यसका लागि नवीकरणीय ऊर्जा, दिगो कृषि विकास र प्रकोपबाट हुने जोखिम कम गर्ने क्षेत्र प्राथमिकतामा राख्नुपर्छ ।

जहिले पनि ज्यादै परिश्रम, संसद्बाट छानबीन तथा आरोप–प्रत्यारोपबीच बजेट त ल्याइन्छ तर वाचा गरिएको ६० प्रतिशत पूँजीगत खर्च अलपत्र भइराखेको देखिन्छ । यस्तो अवस्थामा यसपालिको बजेटमा केही सैद्धान्तिक मान्यतालाई पनि ध्यानमा राख्नुपर्छ । वर्तमान आर्थिक अवस्थाको मूल्याङ्कन गर्दा आम्दानीको स्रोत, खर्चको प्रवृत्ति, मुख्य आर्थिक परिसूचक र नेपालको वर्तमान आर्थिक सामाजिक अवस्थाका प्रक्षेपणको उचित मूल्याङ्कन आवश्यक छ । यसका साथै हामीले पूँजीगत खर्च वृद्धि गर्न सम्भाव्य राजनीतिक विरोधको समेत व्यावहारिक मूल्याङ्कन गर्नुपर्छ ।

बजेट छुट्याउँदा कुन क्षेत्र बढी लाभान्वित हुन्छ भन्नेबारेमा जानकारी राख्न आवश्यक छ । यी यस्ता क्षेत्र हुनुपर्छ । यसले आर्थिक विकासमा बल पुऱ्याउन सकून्, रोजगार सिर्जना गर्न सक्षम होऊन् र मुलुकको विकासमा दूरगामी प्रभाव पार्न सकून् । लगानीबाट निश्चित प्रतिफल कति प्राप्त हुन सक्छ, त्यसको जानकारी लिन प्रस्तावित प्रत्येक क्षेत्रको लाभहानि अध्ययन जरुरी छ । यो नीतिले भविष्यमा परियोजनाको प्राथमिकीकरण गर्न सहज हुन्छ। यसका साथै जोखिम व्यवस्थापन योजना पनि त्यतिकै जरुरी छ ।

प्रत्येक लगानीको योजनामा केही जोखिम हुन्छ जस्तो राजनीतिक विरोध, अर्थतन्त्रमा आएको परिवर्तन अथवा परियोजनाको असफलता। हामीले बजेट निर्माण गर्दा यस्ता सम्भावित हाँकहरूको आकलन गरी समस्या न्यूनीकरण योजना तयार गर्नु आवश्यक छ। हाम्रो अनुभवले देखाइसकेको छ, अब साँच्चीकै पूँजीगत खर्च वृद्धि गर्ने हो भने कार्यान्वयनको समयरेखा अवश्य कोर्नुपर्ने हुन्छ । परियोजना अनुसार आइपर्ने राजनीतिक, आर्थिक र अन्य सुविधासहित हाँकहरूको आकलन राम्रो भएमा समाधानका विकल्प कार्यान्वयनमा ल्याउन सजिलो हुन्छ ।

परियोजनाप्रति सेवाग्राहीलाई त्यस बेला विश्वास बढ्छ, जब सरकारी कर्मचारी, व्यापारिक नेतृत्वकर्ताहरू र सम्बन्धित जनसमुदायसँगको परामर्श व्यवस्थित हुन्छ। यसको लागि सार्वजनिक परामर्श, व्यापारीसँगको बैठक र राजनीतिक नेतृत्वकर्तासँग वार्ता आवश्यक छ। बजेटमा एउटा अनुसूची थपेर भएपनि पूँजीगत खर्च किन बढाउनुपरेको हो, स्रोतको उपयोग कसरी गरिने योजना छ, लगानीको तात्त्विक फाइदा के हो र आवश्यक पूँजी कसरी जगेर्ना गरिन्छ, सबै कुरा पारदर्शी हुनुपर्छ ।

अब समष्टिगतरूपमा बजेटमा छुट्याइएको क्षेत्रगत रकम कति प्रभावकारी तथा कुन दक्षताका साथ खर्च गर्न सकिने भयो, यही अनुसूचीमा अनुगमन गर्ने प्रविधिसमेत उल्लेख गर्नु आवश्यक छ। आवश्यक पर्दा प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराउने गरेका अन्तर्राष्ट्रिय संस्थासँग पनि नजीकको सम्बन्ध राखेर सहकार्य गर्न सके उनीहरूको विश्वास जित्न र आवश्यक पर्दा सहयोग लिन सहज हुने थियो । हाम्रो मुख्य उद्देश्य बजेटप्रति जनविश्वास बढाउनु र जनताले चाँडो कार्यान्वयनको नतीजा अनुभव गर्न पाऊन् भन्ने नै हो ।

अन्त्यमा अर्थ मन्त्रालयले आगामी वर्षको बजेटमा अर्थतन्त्रको पुनरुत्थान र वित्तीय स्थायित्वबीच सन्तुलन कायम गर्न सक्नुपर्छ । अहिले उत्पादनशील क्षेत्रका नाममा खर्चको सीमा अत्यधिक हुन गएमा मुद्रास्फीति र ऋणको अनुपात बढ्न सक्छ। नतीजा दिने परियोजनामा गरिएको खर्चको प्रभावकारिता कसरी बढाउन सकिन्छ, त्यसमा सरकारको क्षमता अभिवृद्धि आवश्यक छ । परियोजनामा भ्रष्टाचार नियन्त्रण गर्ने प्राविधिक र कानूनी संयन्त्र तर्जुमालाई विशेष स्थान दिनुपर्छ । निजी क्षेत्रसँग सहकार्य गर्न निश्चित परियोजना र क्षेत्रमा कर छुट, अनुदानजस्ता प्रोत्साहन दिइने कार्यलाई पूर्णरूपले नकार्न सकिन्न । लगानीको वातावरण सुदृढ गर्न कानूनी राज्यस्थापना र प्रशासनिक 'रेडटेप' हटाइने प्रावधानसमेत प्रस्टचाउन जरुरी छ । रासस (लेखक अर्थशास्त्री तथा पूर्वराजदूत हुन्)



बेनी–जोमसोम–कोरला सडक अन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–२ भुरुङ तातोपानीस्थित घट्टेखोलामा बाढीका कारण भासिएको पुल । गएराति पुल भासिएर सडक अवरुद्ध भएपछि बेनी–जोमसोम सडकमा सीधा सवारी अवरुद्ध भएको छ । तस्बिरः कमल खत्री/रासस

### गङ्गा दशहरा ...

हत्यामोचनघाट भनिएको विभिन्न पुराणमा उल्लेख छ ।

यस अघि परशुरामले भारत वर्षका हजारौं तीर्थमा स्नान गर्दा पनि मातृ हत्याबाट मुक्त भएका थिएनन्। पापमोचन स्वरूप परशुरामकी आमा रेणुकाले पुनर्जीवनसमेत पाएको पौराणिक कथन छ । दशहराका १० दिने अवधिमा जेठ महीना, शुक्ल पक्ष, दशमी तिथि, बुधवार, हस्ता नक्षत्रलगायत १० योग पर्ने गरेको छ ।

पौराणिककालमा यही १० दिन लगाएर स्वर्गबाट गङ्गा पृथ्वीमा अवतरण भएको शास्त्रीय मान्यता छ । गङ्गा किनारस्थित भारतको काशीको दशाश्वमेधघाटमा पनि यो १० दिने अवधिमा विशेष मेला लाग्छ । यसैगरी त्रेतायुगमा भगवान् रामले सेतुबन्धमा स्थापना गरेको रामेश्वरघाटमा यस अवसरमा मेला लाग्ने गर्छ । यी तीर्थमा स्नान गरी भगवान्को दर्शन गरेमा १० प्रकारको पाप नाश हुने धार्मिक विश्वास रहिआएको छ ।

## फरक समाचार

# अन्तर्राष्ट्रिय चिया दिवस

## चिया स्वाद र स्वास्थ्य दुवैको लागि उत्तम छ

धेरैजसो मानिसलाई बिहान उठ्ने बित्तिकै 'बेड टी' पिउने बानी हुन्छ ।

यदि दिनको शुरूमा कडा चिया उपलब्ध छ भने यसलाई पिएपछि धेरैले ताजा महसूस गर्छन् । जताततै चियाप्रेमीहरू छन् । चियाप्रेमीले एक कप चिया पाएनन् भने उसलाई कुनै काम गर्न मन लाग्दैन । गर्मी होस् या जाडो, हरेक मौसममा चियाप्रेमीहरूले चिया पिउन रुचाउँछन् । बदलिंदो मौसममा चिया पिउनाले पनि शरीरलाई धेरै राहत मिल्छ ।



मे २१ मा अन्तर्राष्ट्रिय चिया दिवस मनाइयो । यस विशेष दिनमा चिया कसरी बनाउने भनेर सिकाकौं, जसको सेवनले हाम्रो मन प्रफुल्लित मात्र होइन, यो चियाले हाम्रो शरीरलाई पनि धेरै फाइदा पुऱ्याउँछ । यदि चियालाई केही फरक स्वाद दिन चाहन्छौं भने, त्यसको लागि हामीले एक सरल तरीका जानौं ।

चिया बनाउनका लागि चाहिने सामग्रीहरू चियापात्ती, चिनी, अदुवा, दूध, पानी, ल्वाङ, इलाइची ।

चिया बनाउनको लागि सबैभन्दा पहिले एउटा प्यानमा पानी उमालौं । पानी उम्लिएपछि त्यसमा तीनदेखि चारवटा ल्वाङ हालेर उमालौं । यसपछि अदुवालाई राम्ररी पिसौं र पानीमा हालौं । अब अदुवालाई केहीबेर उम्लन दिऔं । त्यसपछि स्वाद अनुसार चियापत्ती थपौं । चियापत्ती थपेर केहीबेर उमालौं ।

यी मसलालाई धेरै उमालेनौं भने चियामा स्वाद आउँदैन। सबै कुरा उमालेपछि त्यसमा पहिले उमालेको दूध हालौं। त्यसमा दूधसँगै चिनी हालौं। अब यसलाई कम आगोमा पकाऔं ।

जब यो राम्रोसँग पाक्छ, यसलाई अब पिउन सकिन्छ। यदि यसको स्वाद अझ बढाउन चाहन्छौं भने यसमा तुलसीको पात र दालचिनी थप्न सकिन्छ ।

## ग्रीन टी पिऔं, जानौं सात अचम्मका फाइदा

मे २१ मा अन्तर्राष्ट्रिय चिया दिवस मनाइयो । चियाका धेरै प्रकार छन् तर धेरैजसो मानिस दूधको चिया पिउन रुचाउँछन्। यद्यपि धेरै हर्बल चिया उपलब्ध छन्, जुन दूधको चियाभन्दा धेरै लाभदायक छन्। ती चियामध्ये ग्रीन टी पनि एक हो। यस जडीबुटी चियामा धेरै प्रकारका औषधीय गुण पाइन्छन्। कतिपयले तौल घटाउन ग्रीन टी पनि पिउने गर्छन्। आऔ, ग्रीन टी पिउनुका फाइदाहरू के के छन् जानौं ।

ग्रीन टीका धेरै प्रकार छन् र यसमा धेरै प्रकारका पोषक तत्वहरू पनि हुन्छन्। माचा, चमेली, मोरक्कन आदि हरियो चियाका प्रकार हुन्। यसमा पाइने पोषक तत्त्वको कुरा गरौं भने यो ग्रीन टीमा प्रोटिन, आइरन, एनर्जी, म्याग्नेशियम, पोटाशियम, म्याग्नीज, सोडियम, नियासिन, कपर, जिङ्क, एमिनो एसिड आदि पाइन्छन् ।

**मुटुलाई स्वस्थ राख्छ–** ग्रीन टीको सेवनले मुटुको स्वास्थ्य राम्रो रहन्छ। यो चियाले मुटुको स्वास्थ्य जोगाउँछ । दैनिक हरियो चिया पिउने हो भने हृदयघात र स्ट्रोकबाट बच्न सकिन्छ। ग्रीन टी पिउनाले कुल कोलेस्ट्रोल र एलडिएल अर्थात् खराब कोलेस्ट्रोल कम हुन्छ । यसमा पाइने एन्टी–इन्फ्लेमेटरी यौगिकहरूले रक्तनलीहरूलाई आराम दिन्छ, जसले गर्दा वास्कुलर इन्फ्लेमेशन कम हुन्छ। यदि दिनमा तीनदेखि पाँच कप ग्रीन टी र स्वस्थ आहार लिएमा हृदयरोगबाट मृत्युको जोखिम ४१ प्रतिशतले कम गर्न सकिन्छ।



**दिमागलाई स्वस्थ राख्छ–** हरियो चियाले मस्तिष्कको स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छ । यो चिया पिउनाले मूड बढ्छ। तनाव र चिन्ताको समस्या हट्छ । संज्ञानात्मक कार्य, उमेर सम्बन्धित संज्ञानात्मक समस्याहरू, बिर्सनेपन आदि सुरक्षित गर्न सकिन्छ । यदि तनाव छ भने ग्रीन टी पिउन सकिन्छ। ग्रीन टीमा क्याफिन हुन्छ, जसले मूड बढाउँछ, ऊर्जा स्तर, स्मरणशक्ति आदि बढाउँछ। साथै, यसमा पाइने एमिनो एसिड एल–थेनाइनले मुडमा सकारात्मक प्रभाव पारेर तनाव कम गर्छ । डोपामाइन र सेरोटोनिनको उत्पादन बढाउँछ।

**तौल घट्छ–** यदि तौल बढ्दै गएको छ भने ग्रीन टीको सेवन गर्न सकिन्छ। धेरै अध्ययनमा भनिएको छ कि ग्रीन टीको सेवनले तौल नियन्त्रण गर्न सकिन्छ। यसमा पाइने क्याफिन र क्याटेचिन नामक तत्त्वले मेटाबोलिज्म बढाउँछ, जसले बोसो जलाउन मदत गर्छ। हरियो चियाको अर्कले तौल घटाउनुका साथै बडी मास इन्डेक्स पनि घटाउँछ ।

**रोग प्रतिरोधात्मक क्षमता बढ्छ, हाड बलियो हुन्छ–** यदि रोगहरूबाट टाढा रहन चाहनुहुन्छ भने ग्रीन टी पिउनुहोस् । यसले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । यो चिया पिउनाले लामो समयसम्म तन्दुरुस्त र स्वस्थ रहन निकै फाइदाजनक साबित हुन सक्छ। यसबाहेक हरियो चियाले धेरै प्रकारका क्यान्सर, मधुमेह, हाडका समस्याको जोखिमलाई धेरै हदसम्म कम गर्छ । यसमा धेरै प्रकारका बायोएक्टिभ कम्पाउन्डहरू हुन्छन्, जसले हाडको घनत्व सुधार गर्छ। यसले हाड भाँचिने जोखिम कम गर्छ ।

**मधुमेहमा फाइदाजनक–** यदि दूधसँग चिया पिउँछौं भने त्यो पनि चिनी मिसाएर, यो बानी छोड्नुपर्छ । खासगरी मधुमेहबाट बच्न चाहेमा वा मधुमेहका बिरामी भएपनि ग्रीन टी पिउनाले चिनीको मात्रा नियन्त्रणमा राख्छ। दिनमा २–३ कप ग्रीन टी पिउनाले टाइप २ मधुमेहको जोखिम कम हुन्छ ।

**रक्तचाप नियन्त्रण–** ग्रीन टीको सेवनले उच्च रक्तचापको समस्या हुँदैन। यो चियाले रक्तचाप कम गर्न सक्छ। तर यदि उच्च रक्तचाप धेरै उच्च रह्यो भने अवश्य चिकित्सकलाई देखाउनुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# रोजगारको खोजीमा भौंतारिंदै चिनियाँ युवा

बेइजिङ, ७ जेठ/एएनआई

चिनियाँ युवाको ठूलो जमात रोजगारको खोजीमा हैरानी भोगिरहेको छ । न्यूयोर्कस्थित टेलिभिजन नेटवर्क एनटिडीका अनुसार काम नपाएर युवावर्ग तनावमा छ । यद्यपि उनीहरूले कामको खोजी जारी राखेका छन् ।

कोभिड–१९ को महामारी नियन्त्रणका निम्ति लगाइएका प्रतिबन्ध हटाइएको महीनौं बितिसक्दा पनि रोजगार बजारमा युवा पुस्ताले सङ्घर्ष गर्नुपरेको छ । चीनको राष्ट्रिय तथ्याङ्क ब्युरोले जारी गरेको गत महीनाको तथ्याङ्कमा पनि स्थिति झन् खराब हुँदै गएको देखाइएको छ ।

ब्युरोको तथ्याङ्कमा १६ देखि २४ वर्ष उमेर समूहको राष्ट्रिय बेरोजगारी दर १९.५ प्रतिशत रहेको उल्लेख छ । गत डिसेम्बरको तुलनामा यो झन्डै ३ प्रतिशतले बढी हो ।

टोनी बाईले दुई वर्ष अघि चीनको एक विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेका थिए तर उनी अझै बेरोजगारी छन् । चीनका करीब तीन करोड बेरोजगारी युवामध्ये एक उनी भन्छन्–“कहिलेकाहीं म किन विश्वविद्यालय गएँ भनेर सोच्छु । यदि मैले हाईस्कूलबाट सीधैं जागीर पाएको भए म अहिले प्रबन्धक भइसक्थें । २३ वर्षीय उनले थप अध्ययन गर्न चाहेकाले जागीर पाउने सम्भावना रहेको आफ्नो विश्वास सुनाए । तर विश्वविद्यालयको सीमित स्थानका लागि कडा प्रतिस्पर्धा भएको र तीनपटक प्रवेश परीक्षामा अनुत्तीर्ण भएको दुःखेसो पनि उनले सुनाए ।




युनिभर्सिटी अफ वेस्टर्न अस्ट्रेलियाको चिनियाँ अध्ययनका वरिष्ठ प्राध्यापक ताओ यु चीनका युवा सामान्यतया राम्रो शिक्षाले राम्रो तलबको जागीर पाइने विश्वास गर्छन् । यद्यपि वास्तविकता भने फरक छ । विश्वविद्यालय स्नातकहरूका लागि जागीरको अवसर कम रहेको कोरोना महामारीको आर्थिक समस्याले देखाएको उनी बताउँछन् ।

केही चिनियाँ युवाले आफ्नो समस्या समाधान गर्न रात्रि बजारमा स्टल राखेर आय आर्जनको बाटो रोजेका छन् । चीनमा बेरोजगारी युवाका लागि कुनै कल्याणकारी योजना नभएकोले परिवारको सहयोगमा निर्भर युवालाई समस्या छ । उनीहरू यस्तै विकल्प रोज्न बाध्य छन् ।

चीन सरकारले प्रविधि, शिक्षा र सम्पत्ति क्षेत्रमा गरेको कारबाईका कारण युवाको ठूलो सङ्ख्याले रोजगार गुमाएका छन् । नाम चलेका विशाल प्राविधिक कम्पनीले हजारौं कामदार निकालेका छन् । देशको आर्थिक अवस्थाका कारण बेरोजगारी भएको दुःखपुकारा उनीहरूले सामाजिक सञ्जालमार्फत व्यक्त गर्न थालेका छन् । उनीहरूले राज्य आफ्नो दायित्वबाट पन्छिन खोजेको आरोप पनि लगाएका छन् । रासस

# पिताको सम्झनामा श्रद्धाञ्जलि

नयाँ दिल्ली, ७ जेठ/एएनआई

काङ्ग्रेस नेता राहुल गाँधीले आफ्ना दिवङ्गत पिताको पुण्यतिथिमा भावुक हुँदै श्रद्धाञ्जलिका शब्द लेखेका छन् । पूर्वप्रधानमन्त्री राजीव गाँधीको ३२औं पुण्यतिथिमा उनका सुपुत्र राहुलले पिताजीलाई सम्झदै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका हुन् ।

“बाबा, तपाईं सधैं मेरो सम्झनामा हुनुहुन्छ, मेरो साथमा प्रेरणाको रूपमा हुनुहुन्छ”–राहुल गाँधीले हिन्दीमा ट्वीट गर्दै लेखेका छन् । साथै उनले आफ्नो पिताको जीवनकालका विभिन्न क्षणका भिडियो पनि सार्वजनिक गरेका छन् ।



स्व राजीव गाँधीको अन्तिम तस्वीर । तस्वीरः एजेन्सी

त्यस अघि राहुल गाँधी र उनकी बहिनी प्रियङ्का गाँधी वाड्राले राष्ट्रिय राजधानीको वीरभूमिमा पूर्वप्रधानमन्त्री राजीव गाँधीको ३२ औं पुण्यतिथिमा पुष्पगुच्छासहित श्रद्धाञ्जली अर्पण गरेका थिए । काङ्ग्रेस संसदीय दलकी अध्यक्ष सोनिया गाँधी र पार्टी अध्यक्ष मल्लिकार्जुन खर्गेले पनि पूर्वप्रधानमन्त्री राजीव गाँधीप्रति श्रद्धाञ्जलि अर्पण गरे ।

राजीव गाँधीले आफ्नी आमा तत्कालीन प्रधानमन्त्री इन्दिरा गाँधीको हत्यापछि सन् १९८४ मा काङ्ग्रेसको नेतृत्व सम्हालेका थिए । अक्टोबर १९८४ मा ४० वर्षको उमेरमा प्रधानमन्त्रीको पदभार ग्रहण गरेर उनी भारतको सबैभन्दा कान्छो प्रधानमन्त्री बनेका थिए । उनले डिसेम्बर २, १९८९ सम्म प्रधानमन्त्रीका रूपमा भारतको सेवा गरेका थिए ।

सन् १९४४ को अगस्त २० मा जन्मेका राजीव गाँधीलाई मे २१, १९९१ मा तमिलनाडुको श्रीपेरूम्बदुरमा चुनावी ऱ्यालीमा लिबरेशन टाइगर्स अफ तमिल इलम (लिट्टे)की एक किशोरीले आत्मघाती बम हमलामा मारेकी थिइन् । उक्त आक्रमणमा नेता गाँधीसहित १४ जनाको ज्यान गएको थियो भने ४३ जना गम्भीर घाइते भएका थिए । रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यर्थभ्रमण | वृष – मनोरञ्जन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – अलमल |
| सिंह – रोगभय | कन्या – यात्रालाभ |
| तुला – कडापरिश्रम | वृश्चिक – सुसमाचार |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनखति | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# न्यूनतम पारिश्रामिक ३४ हजार बनाउन सिफारिश

काठमाडौं, ७ जेठ/रासस

न्यूनतम पारिश्रमिक निर्धारण समितिले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रामिक रु ३४ हजार १२५ बनाउन सरकारमा सिफारिश गरेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मासमक्ष न्यूनतम पारिश्रामिक निर्धारण समितिकी अध्यक्ष सङ्गीता खड्कासहितको टोलीले सो प्रतिवेदन बुझाउँदै पारिश्रमिक बढाउन प्रस्ताव गरेको हो ।

मन्त्री शर्माले वर्तमान अवस्थामा आर्थिक अवस्था कमजोर भएपनि श्रमजीवी पत्रकारले जीवन निर्वाह गर्न सक्ने गरी तलब पाउनुपर्ने र यदि सम्बद्ध मिडिया हाउसले तोकिए बमोजिम पारिश्रमिक उपलब्ध नगराए सरकारले लोककल्याणकारी विज्ञापन दिने बेलामा मापदण्ड बनाउने बताइन् । “न्यूनतम पारिश्रमिक पनि नदिने मिडिया हाउसलाई सरकारले लोककल्याणकारी विज्ञापन दिने बेलामा मापदण्ड बनाउँछ,” उनले भनिन्, “समितिले सिफारिश गरेको न्यूनतम पारिश्रमिक लागू गर्न र श्रमजीवी पत्रकारले जीवन निर्वाह गर्न सक्ने गरी पारिश्रामिक पाउनुपर्छ भन्ने विषयमा सरकार स्पष्ट छ ।”

मन्त्री शर्माले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गराउन बाध्यकारी बनाउनुपर्ने उल्लेख गरिन् । उनले सरकारको नीति तथा कार्यक्रममा समानुपातिक विज्ञापन प्रणालीको विषय राखिएकाले सरकारले लोककल्याणकारी विज्ञापन कटौती गर्न नखोजेको पनि स्पष्ट गरिन् ।

“सरकारले लोककल्याणकारी विज्ञापनलाई रोक्दैन,” मन्त्री शर्माले भनिन्, “एक महीनाजतिका लागि बजेट अपुग भएको हो तर नदिने भनिएको होइन ।” नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले सिफारिश गरिएको न्यूनतम पारिश्रामिक पूर्णरूपमा कार्यान्वयन गराउन सरकारको ध्यान जानुपर्ने माग गर्दै तोकिएबमोजिमको पारिश्रमिक उपलब्ध गराउन सकिने वातावरण सिर्जना गर्न पनि सरकारले पहल गर्नुपर्नेमा जोड दिए ।

समितिकी अध्यक्ष खड्काले ४० प्रतिशत तलबमान वृद्धिसहित विभिन्न आठ बुँदा कार्यान्वयनका लागि सरकारमा सिफारिश गरिएको बताइन् ।

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५९ लागू भएको २७ वर्ष भइसकेको र उक्त ऐन पहिलोपटक संशोधन भएको पनि १४ वर्ष बितिसकेको हुँदा परिवर्तित परिस्थितिअनुरूप पुनः ऐन संशोधन आवश्यक भएकाले यसका लागि प्रक्रिया शुरू गर्नुपर्ने सिफरिशमा उल्लेख छ ।

सञ्चार प्रतिष्ठानमा कार्यरत जनशक्तिले ऐनबमोजिमको सुविधा पाए नपाएको तथ्य पत्ता लगाउन प्रभावकारी अनुगमन गर्न आवश्यक बजेट र जनशक्तिको व्यवस्था हुनुपर्ने, ऐनले तोकेका सेवा तथा सुविधा सम्बद्ध सञ्चार प्रतिष्ठानले कार्यान्वयनमा ल्याए नल्याएको पत्ता लगाइ तिनलाई पुरस्कार तथा सजायको भागीदार गराउन उक्त समितिलाई थप अधिकार अधिकार दिनुपर्ने कुरा पनि उल्लेख गरिएको छ ।

ऐनको प्रभावकारी कार्यान्वयनका लागि नियमितरूपमा प्रतिष्ठानको अनुगमन गर्नाका साथै सरोकारवालाको समेत प्रतिनिधित्व रहनेगरी एक स्थायी प्रकृतिको अनुगमन र न्यायिक संयन्त्र बनाउनुपर्ने, श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ (पहिलो संशोधन २०६४)ले तोकेका सेवा, सुविधा उपलब्ध नगराउने सञ्चार प्रतिष्ठानलाई सरकारबाट प्राप्त हुने सम्पूर्ण सेवा, सुविधा रोक्ने प्रावधान अनिवार्य राख्नुपर्ने पनि सिफारिशमा उल्लेख गरिएको छ ।

ऐन कार्यान्वयन नगर्ने प्रतिष्ठानले कुनै पनि सरकारी सूचना प्रकाशन/प्रसारण गर्न नपाउने व्यवस्था गर्नुपर्ने, सञ्चार प्रतिष्ठान सञ्चालनका लागि टेवा पुऱ्याउन सूचना वा विज्ञापनको समानुपातिक वितरण एकद्वार प्रणालीमार्फत कार्यान्वयन गराउनुपर्ने साथै स्थानीयस्तरका विज्ञापन समानुपातिकरूपमा स्थानीय मिडियामा नै दिने व्यवस्था हुनुपर्ने कुरा पनि उल्लेख गरिएको छ ।

सम्पूर्ण सञ्चार प्रतिष्ठानमा सामाजिक सुरक्षा कोष अनिवार्य लागू गराउनुपर्ने र चाडपर्व, स्वास्थ्य उपचारलगायत ऐन, नियमले तोकेका सुविधासहित ‘पेरोल’ बुझाउने व्यवस्था गरिनुपर्ने कुरा पनि उक्त सिफारिशमा गरिएको छ ।

# २४ जना शिक्षकमाथि कारबाही

प्रस, वीरगंज, ७ वैशाख/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले आइतवार नेपाल राष्ट्रिय विद्यापीठ माध्यमिक विद्यालय, श्रीपुरका प्रधानाध्यापकसहित २४ जना शिक्षकमाथि कारबाही गर्न निर्देशन दिएका छन् ।



नेराविमाविको अनुगमन गर्दै नगरप्रमुख सिंहसहितको टोली । तस्वीरः सौजन्य

उनले आज बिहान सो विद्यालयको आकस्मिक अनुगमन गरेका र सो क्रममा विद्यालयका प्रअसहित २४ जना शिक्षकले हाजिर नगरेको पाएपछि कारबाहीको लागि निर्देशन दिएका हुन् । महानगर शिक्षा महाशाखाले आइतवार नै नगरप्रमुखको अनुगमनका क्रममा हाजिर नगरेका प्रअ अनिल वर्णवालसहित २४ जना शिक्षकसँग स्पष्टीकरण सोधेको शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले बताए । नगरप्रमुख सिंहको अनुगमनमा भने प्रअ वर्णवाल र शिक्षकहरू भेटिएका तर उनीहरूले हाजिर नगरेकाले स्पष्टीकरण सोधिएको शिक्षा महाशाखा प्रमुख कर्णले बताए ।

नगरप्रमुख सिंहले आजै वडा नं १४ पिपरास्थित नृसिंह माध्यमिक विद्यालय र वडा नं ४ बिर्तास्थित त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम आधारभूत प्राविधिक विद्यालयको पनि अनुगमन गरेका थिए । यी दुवै विद्यालयमा यसै शैक्षिक सत्रदेखि अङ्ग्रेजी माध्यमबाट पठनपाठन शुरू छ । विद्यार्थीको पठनपाठन प्रभावित हुन नदिन विद्यालयमा देखिएको शिक्षक अभाव तत्काल पूर्ति गर्ने काम अघि बढाइने नगरप्रमुख सिंहले आश्वासन दिए । उनले अनुगमनको क्रममा विद्यमान विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठाको अभाव देखिएको र सोको समाधान गरिने बताए ।

## १२ खर्ब चार अर्ब व्यापार घाटा

काठमाडौं, ७ जेठ/रासस

चालू आवको १० महीनाको अवधिमा रु १२ खर्ब चार अर्ब ४२ करोड २४ लाख बराबरको व्यापार घाटा भएको छ । सो अवधिमा मुलुकले रु १३ खर्ब ३५ अर्ब ३२ करोड २४ लाख बराबरको मालवस्तु आयात गरेको छ ।

१० महीनाको अवधिका कुल रु १४ खर्ब ६६ अर्ब २२ करोड २४ लाख बराबरको व्यापार गरेको छ । सो अवधिमा नेपालले रु एक खर्ब ३० अर्ब ९० करोड बराबरको मालवस्तु निर्यात गरेको छ । सो अवधिमा वस्तु आयात र निर्यात दुवै घटेका छन् । आव २०७८/७९ को १० महीनाको अवधिमा नेपालले रु एक खर्ब ७३ अर्ब ३४ करोड बराबरको मालवस्तु निर्यात गरेको थियो । गत वर्षको तुलनामा चालू आवको १० महीनामा वस्तु निर्यात २४ दशमलव ४९ प्रतिशतले घटेको छ ।

आव २०७८/७९ मा रु १६ खर्ब चार अर्ब ६५ करोड २५ लाख बराबरको कुल आयात गरेकामा चालू आवको १० महीनामा रु १३ खर्ब ३५ अर्ब ३२ करोड २४ लाख बराबरको आयात भएको छ ।

### कोर्ट नोटिस

न्यायालय, अवर न्यायाधीश, व्यवहार न्यायालय, नरकटियागंज, जिला–पश्चिमी चम्पारण

फाइल डीक्री वाद सं– 02/2018

**यमुना प्रसाद ------------- डीक्रीदार**

**बनाम**

**विजय कुमार उर्फ मंटु कुमार एवं अन्य ------------------- मदीउन**

**सूचना बनाम**

1. श्रीमती सोनिया देवी उर्फ हेमा देवी, जौजे सुशील कुमार वर्णवाल, बेटी सुबोध कुमार वर्णवाल, सेवानिवृत्त शिक्षक निवासी ग्राम–वीरगंज, नगवा रोड, रेलवे बाइपास, जेल चौक, रेलवे रोड, पो.–वीरगंज, थाना–वीरगंज, जिला–पर्सा (नेपाल), 2. सन्नी कुमार वर्णवाल, वल्द स्व. प्रभु प्रसाद, निवासी ग्राम–विरता, जेल रोड, वार्ड नं.–6 सबमेट्रोपोलिटिमन, पो.–वीरगंज, थाना–वीरगंज, जिला–पर्सा (नेपाल)

इस प्रकाशन के माध्यम से आप लोगोको सूचित किया जाता है कि डीक्रीदार यमुना प्रासाद, पिता स्व. नन्द प्रसाद, साकिन–लक्ष्मीपुर, पो.–गौरीपुर बजार, थाना–पुरुषोत्तमपुर, जिला–पश्चिमी चम्पारण, हालमोकाम–बेतिया कमिन्युस्ट पार्टी चौक, वार्ड नं.–**22**, पो.–बेतिया, थाना– बेतिया नगर, जिला–पश्चिमी चम्पारण ने आपलोगो के विरुद्ध उपरोक्त फाइनल डीक्री वाद प्रस्तुत किया है जिसमे नजारत एवं निबन्धित डाक से सूचना के बावजूद आपलोग उपस्थित नहीं हुए है । अतः इस प्रकाशन के माध्यम से आप लोगोको सूचित किया जाता है कि अगली निर्धारित तिथि **02–06–23** को **10:30** बजे सुबह स्वयं अथवा अपने अधिवक्ता के माध्यम से उपस्थित होकर अपना पक्ष प्रस्तुत करे अन्यथा अनुपस्थित मानते हुए वाद मे एक पक्षीय कारवाही प्रारम्भ कर दी जायेगी । इसे ताकिद जाने ।

आज दिनाङ्क **12-05-23** को मेरे हस्ताक्षर एवं मोहर से जारी किया गया ।

अवर न्यायाधीश, प्रथम
नरकटियागंज, पश्चिमी चम्पारण

# तयारी दाल आयातमा डेढ प्रतिशत अग्रिम आयकर लगाउन माग

प्रस, परवानीपुर, ७ जेठ/

नेपाल चामल तेल दाल सङ्घले आइतवार काठमाडौंमा पत्रकार सम्मेलन गरी खाद्यान्न क्षेत्रका उद्योगी–व्यवसायीको समस्या समाधानको लागि वर्षदेखि बजेट भाषणमार्फत सरकारले कच्चा र तयारी वस्तुमा उद्योगहरूलाई १–२ तह भन्सार दर फरक गरिने आश्वासन दिंदै आएको तर कृषि उद्योग दालमा भने व्यावहारिकरूपमा लागू हुन उद्योग विभागबाट स्टचान्डर्ड रिकभरी लागू गरिनुपर्ने माग गरे। उनले अहिले नेपालमा खुलेका दाल उद्योगहरूले कुल क्षमताको २५–३० प्रतिशत मात्रै उत्पादन गर्दै आएको बताए। पूर्वअध्यक्ष मोतीलाल




आगामी बजेटमा नीति तथा योजना ल्याउनुपर्ने माग गरेको छ।

पत्रकार सम्मेलनमा सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले स्वदेशी दाल उद्योग संरक्षण गर्न तयारी दाल आयात गर्दा डेढ प्रतिशत अग्रिम आयकर लगाउन आवश्यक रहेको बताए।

उनले यसो गर्दा स्वदेशी दाल उद्योग सरकारको संरक्षणमा पर्ने भन्दै दाल निकासी गर्दा प्रतिकिलो एक रुपैयाँ निकासी शुल्कलाई खारेज गर्नुपर्ने माग पनि गरे। त्यसैगरी, उनले दाल उद्योग संरक्षण गर्न एचएस कोड अनुसार कच्चा दाल र तयारी दालको आयात भन्सार महसूल दरसमेत परिमार्जन गर्न माग गरे।

मुसुरो, रहर, मास, मुङ र चनाका गेडा (कच्चा पदार्थ)मा एक प्रतिशत मात्रै भन्सार दर लगाउन उनले सुझाए। यी वस्तुहरूमा अहिले १० प्रतिशत भन्सार दर लागिरहेको छ। यस्तै, मुसुरो, रहर, मास, मुङ र चनाका तयारी दालको हकमा हाल कायम १० प्रतिशत भन्सारलाई नै निरन्तरता दिन उनले आग्रह गरे। नेपालमा स्वदेशी र आयातित कच्चा पदार्थ प्रयोग गरी लगभग २५ वटा दाल उद्योग सञ्चालनमा छन्। सङ्घका अनुसार स्वदेशी दाल उद्योगले शतप्रतिशत माग धानिरहेका छन्। स्वदेशी मागलाई धान्न सक्ने क्षमता भएपनि हाल अनावश्यकरूपमा तयारी दालको आयात भइरहेको भन्दै उद्योगीहरूले असन्तुष्टि जनाए। अध्यक्ष गुप्ताले कच्चा दाल र तयारी दाल दुवैको समान भन्सार दर १० प्रतिशत कायम गर्दा तयारी दालसँग प्रतिस्पर्धा गर्न नसकेर धेरै दाल उद्योग धराशयी भएको बताए। तीन/चार नसकेको अध्यक्ष गुप्ताले आरोप लगाए। नेपालका धेरै उद्योगले फरक भन्सार दरमार्फत संरक्षण पाए पनि दाल उद्योगहरूले भने नपाएको उनको गुनासो छ। सङ्घले तोरीको तेलमा लाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) खारेज हुनुपर्ने माग गरेको छ। सानो मुसुरो दाल मधेसका बारा, पर्सा, रौतहट र सप्तरीमा उत्पादन भइरहेको उनले बताए। अध्यक्ष गुप्ताले बङ्गलादेश निकासी घट्न थालेपछि उत्पादन घटेको बताए। बङ्गलादेश निकासी हुँदा किसानले राम्रो मूल्य पाएको उनले बताए। अहिले निकासी घटेपछि मूल्य पनि घट्नुका साथै उत्पादन पनि कम भएको बताए।

अवैधानिकरूपमा अत्यधिक मात्रामा भित्रिएको तोरीको तेलका कारण स्वदेशी उद्योगहरू धमाधम बन्द भइरहेका उनले बताए। भारतमा कृषि उत्पादनमा मल, बीउलगायतमा सहुलियत र तोरी तेलमा मूअक नलाग्ने भएकोले भारतीय तोरीको तेल नेपाली तोरीको तेलभन्दा लगभग २५ प्रतिशत सस्तोमा बिक्री भइरहेको र यही कारणले भारतीय तोरीको तेलले अहिले नेपाली बजार ओगटेको बताए। अध्यक्ष गुप्ताले पत्रकार सम्मेलनमा खाद्यान्न उद्योगलाई चलायमान बनाउन एकल बिन्दुमा बैंक ब्याजदर, उधारो उठाउने सम्बन्धी कानून लागू हुनुपर्ने बताए।

यस्तै, चामल, तेल, दाललगायतका खाद्य वस्तुको उत्पादनको रिकभरी कच्चा पदार्थको गुणस्तरमा निर्भर हुने भएपनि राजस्व कार्यालयले अमान्य हुनेगरी आफूखुशी रिकभरी हिसाब गरेर मूअक, आयकर जरिवानासमेत असुली गर्ने गरेकाले उद्योगीहरू मारमा परेको भन्दै दुगडले खाद्यान्नमा सरकारले चुस्त डेटाबेस निर्माण गर्न नसकेकोले यस क्षेत्रले धेरै समस्या खेप्नुपरेको बताए। खाद्यान्नमा नेपाललाई आत्मनिर्भर बनाउन सकिने बताउँदै दुगडले कृषि जमीनसम्बन्धी जग्गा सुधार आवश्यक रहेको बताए। जमीन बाँझो राख्न नपाउने नियम कडाइका साथ लागू गर्न सकेको खण्डमा खाद्यान्न उत्पादन बढ्ने उनले बताए। उनले नेपालमा सञ्चालित चामल उद्योगमा रु २५ अर्ब लगानी रहेको जानकारी गराएका थिए।

## खेलकूदको संसार

# दोस्रो वाग्मती प्रदेश खेलकूद प्रतियोगिता शुरू

मनहरि, ७ जेठ/रासस

वाग्मती प्रदेशको दोस्रो प्रदेश खेलकूद प्रतियोगिता आइतवारदेखि शुरू भएको छ। हेटौंडा–५ पिप्ले क्याम्प रङ्गशालामा हजारौंको सङ्ख्यामा प्रदेश सरकारका मुख्यमन्त्री सालिकराम जमरकट्टेलले सो प्रतियोगिताको उद्घाटन गरे। प्रदेश खेलकूद विकास परिषद्को आयोजनामा हुन लागेको खेलकूद प्रतियोगितामा १३ विधाका खेलहरू हुने जनाइएको छ।

कार्यक्रममा खेलाडी, प्रशिक्षक तथा निर्णायकहरूको सहभागिता थियो। मुख्यमन्त्री जमरकट्टेलले ओलम्पियन खेलाडीहरूलाई ओलम्पियन टर्च बालेर हस्तान्तरण गरेका थिए। कार्यक्रममा गायिका रचना रिमाल, बालगायक जेनिस उप्रेतीलगायत कलाकारहरूले साङ्गीतिक प्रस्तुति दिएका थिए।




प्रतियोगिताको उसु, जुडो खेल काठमाडौंमा हुनेछ भने पौडी खेल ललितपुरमा र क्रिकेट खेल चितवनमा हुने प्रदेश खेलकूद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले बताए। प्रतियोगिताको अन्य खेलहरू फूटबल, भलिबल, एथलेटिक्स, तेक्वान्दो, कराँते, बक्सिङ, रग्बी, ब्याडमिन्टन, आइटिएफ तेक्वान्दो प्रतियोगिता हेटौंडाका विभिन्न खेलमैदानमा हुने भण्डारीले बताए।

प्रतियोगितामा विभिन्न विधाका एक हजार ७५ महिला, एक हजार ४२७ पुरुष खेलाडीहरूको सहभागिता रहनेछन् भने १७३ जना प्रशिक्षक, १४२ जना व्यवस्थापक, २७६ जना निर्णायकको सहभागिता रहेको छ। सम्पूर्ण खेल आयोजना गर्न करीब रु नौ करोड ४२ लाख खर्च हुने अनुमान रहेको परिषद्का सदस्यसचिव भण्डारीले बताए।

सामाजिक विकासमन्त्री कुमारी मोक्तानको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेशसभा सदस्यहरू, स्थानीय तहका प्रमुखहरू, ओलम्पियन खेलाडी, प्रजिअ, सुरक्षा निकायका प्रमुखहरूको सहभागिता थियो।

# करका दर घटाएर अनधिकृत व्यापार रोक्न व्यवसायीको माग

प्रस, वीरगंज, ७ जेठ/

आगामी आर्थिक वर्षको बजेटको तयारी भइरहेका बेला आयात, निर्यातकर्ता व्यवसायीहरूको संस्था नेपाल समुद्रपार निकासी पैठारी सङ्घले अर्थ र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीलाई पत्र लेखेर करका दरहरू कम गरी अनधिकृत आयात निरुत्साहित हुने वातावरण बनाउन आग्रह गरेको छ। उच्च भन्सार महसूल र अन्तःशुल्क दरका कारण चोरी पैठारी व्यापक भइरहेकाले करका दरहरूलाई तार्किकस्तरमा राख्न उनीहरूले आग्रह गरेका छन्।

पछिल्ला वर्षहरूमा विदेशबाट आयात हुने वस्तुमा लाग्ने भन्सार महसूल र अन्तःशुल्कका दरहरू बढाउँदै लगिएको र यसले गर्दा नेपालमा बढी खपत हुने बिस्कुट, चकलेट, कस्मेटिक, मदिरा जस्ता कतिपय वस्तुमा भारतीय बजारको अधिकतम खुद्रा मूल्यको हाराहारीमा कर तिर्नुपर्ने स्थिति बनेको उनीहरूले बताए।

चर्को ढुवानी भाडा र उच्च करका कारण सीमावर्ती भारतीय बजार र नेपाली बजारमा वस्तुको मूल्य अन्तर निकै फराकिलो हुँदै गएको र अनधिकृत आयातलाई बढावा भइरहेकाले एकातिर नियमसङ्गत कारोबार गरिरहेका व्यवसायीहरू विस्थापित हुने स्थितिमा पुगेका छन् भने अर्कातिर सरकारले ठूलो मात्रामा राजस्व गुमाइरहेको भन्दै यस विषयमा अर्थ र वाणिज्य मन्त्रालयका अधिकारीहरूको ध्यानाकर्षण गराएको नेपाल समुद्रपार निकासी पैठारी सङ्घका महासचिव अनिल अग्रवालले जानकारी गराएका छन्।

वस्तुको मूल्य अन्तर जति फराकिलो भयो, चोरी पैठारीको सम्भावना उति नै बढी हुने र नेपाली र भारतीय बजारमा वस्तुको मूल्यमा विद्यमान फराकिलो अन्तरले अनधिकृत कारोबारीलाई सङ्गठितरूपमा चोरी पैठारी गर्न प्रोत्साहित गरिरहेको महासचिव अग्रवालले बताए।

खुला सिमाना तथा जनसङ्ख्याको झन्डै आधा हिस्साको बसोबास भारतीय सीमासँग जोडिएको तराई क्षेत्रमा रहेको अवस्थामा अनधिकृत कारोबार न्यूनीकरण गर्ने वस्तुको मूल्य अन्तर कम गर्नु नै एकमात्र उपाय भएको उनले बताए। सङ्घले अनधिकृत माध्यमबाट भित्रिन सक्ने वस्तुको आयातमा लाग्ने करको दर घटाउन माग गरेको उनले प्रस्टचाए। करका दर घटाउँदा बढीभन्दा बढी व्यापारिक कारोबार करको दायरामा आउने र हरेक कारोबारको बिलबीजक जारी गर्ने परिपाटीको विकास भई सरकारलाई प्राप्त हुने राजस्व स्वतः बढ्ने उनको भनाइ छ।

विश्व बैंक, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, युएनडिपी जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले गरेका अध्ययनले नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार ४० प्रतिशतभन्दा बढी रहेको देखाएको छ। केन्द्रीय तथ्याङ्क कार्यालयले २०७५ सालमा गरेको अध्ययनले पनि नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार ४९.९ प्रतिशत रहेको देखाएको छ। यो पृष्ठभूमिमा चोरी पैठारी रोकिने र अनौपचारिक कारोबारलाई करको दायरामा ल्याउने किसिमको वातावरण तयार गर्नुपर्नेमा बर्सेनि करका दर बढाउँदा अनधिकृत कारोबार झन्झन् बढी हुँदै गएकाले आगामी आर्थिक वर्षको बजेटमार्फत करका दरहरूलाई उचित स्तरमा कायम राख्न सङ्घले जोडदार माग गरेको महासचिव अग्रवालले बताए।

यसैबीच, सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याएको नीति तथा कार्यक्रमलाई व्यावहारिकरूपमा कार्यान्वयन गरी अर्थतन्त्रलाई जोखिमको अवस्थाबाट बाहिर ल्याउन आग्रह गरेको छ। नीति तथा कार्यक्रममा समावेश गरिएका विषयलाई बजेटमार्फत सम्बोधन गर्नुपर्ने सङ्घको माग छ।

हालको आर्थिक मन्दीलाई नीति तथा कार्यक्रमले पर्याप्त मात्रामा सम्बोधन गर्न नसके पनि निजी क्षेत्रले अघि सारेका केही विषयलाई आंशिकरूपमा सम्बोधन गरेकाले आशावादी हुने ठाउँ रहेको सङ्घको ठहर छ।

नीति तथा कार्यक्रममा महत्त्वाकाङ्क्षी योजना घोषणा गर्ने तर त्यो कागजमैं सीमित हुने परिपाटीको अन्त्य गर्नुपर्नेमा जोड दिंदै सङ्घले लोकप्रियता र राजनीतिक लाभहानिका हिसाबले भन्दा व्यावसायिक वातावरण निर्माण र उच्च आर्थिक वृद्धिदर हासिल गर्ने किसिमको बजेट ल्याउन पनि सङ्घले आग्रह गरेको छ।

# पत्रकार यादवमाथि दुर्व्यवहार

प्रस, रौतहट, ७ जेठ/

रौतहटका पत्रकार मेवालाल यादवलाई कोपवा छठघाटमा दुर्व्यवहार भएको छ। विवादित छठघाटको विषयमा समाचार सङ्कलन गर्न बौधिमाई नगरपालिका–५ कोपवा छठघाटमा पुगेका पत्रकार यादवलाई कृषिमन्त्री वसन्त कुशवाहाका भाइ सुवन्त कुशवाहा र मन्त्रीका स्वकीय सचिव अर्जुन कुशवाहाले दुर्व्यवहार गरेका थिए।

पत्रकार यादवले आफू पत्रकार भएको र समाचार सङ्कलनका लागि आएको भनेर परिचयपत्र देखाउँदा पनि उनीहरूले भिडियो किन खिचेको भन्दै मोबाइल खोस्ने, अपशब्द प्रयोग गर्दै डरधाक, धम्की दिएको बताएका छन्।

कृषिमन्त्री कुशवाहाले भाइ सुवन्त कुशवाहा र स्वकीय सचिव अर्जुन कुशवाहालगायतका गाउँलेहरूलाई उक्साएर आफूप्रति दुर्व्यवहार गरिएको पत्रकार यादवले आरोप लगाएका छन्। उनले छठघाटको काममा कमसल इँटाको प्रयोग भएको सूचनाको आधारमा आफू समाचारका लागि सो क्षेत्रमा गएको बताए।

घटनाबारे पत्रकार यादवले स्थानीय प्रहरी चौकी र नेपाल पत्रकार महासङ्घ रौतहट शाखालाई जानकारी गराएको बताए।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

### नगर विकास योजना ...

विकास, मुख्य कार्यक्रम विकास, लागत अनुमान, सूचना प्रमाणीकरण, पार्श्वचित्र आयव्यय, पालिकाको वस्तुगत विश्लेषण, अपेक्षित लगानी अनुमान, पालिकास्तरीय गौरवका आयोजना निर्धारणलगायत अन्य आवश्यक विषयवस्तु समेटिने र विकासको दीर्घकालीन लहर ल्याउन सकिने गोष्ठीमा सहभागी विज्ञहरूले बताए।

समस्या र चुनौतीलाई नजीकैबाट पहिचान गरी सोको दीर्घकालीन समाधान र विकास स्थापित गराउने यस गोष्ठीको मूल लक्ष्य रहेको विज्ञ विके महर्जन र मण्डुबाबू अधिकारीले सहभागीहरूलाई जानकारी दिए।

निजगढ नपाको आयोजना र गभर्नेन्स एन्ड डिभाइन सोलुशन, काठमाडौंको प्राविधिक सहयोगमा चार दिने गोष्ठी शुरू भएको हो।

# पूर्वी रूकुमको हुकाम केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौं, ७ जेठ/रासस

पूर्वीरूकुमको हुकाम केन्द्रविन्दु भएर भूकम्प गएको छ। राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार पूर्वीरूकुमको हुकामगाउँ वरपर केन्द्रविन्दु भएर आज बिहान २:५९ बजे ४.१ रेक्टर स्केलको भूकम्प गएको हो।

यस अघि बाजुरा जिल्लाको बिछिया केन्द्रविन्दु भएर गत वैशाख २१ गते ४.१ रेक्टर स्केलको भूकम्प गएको थियो। नेपालको हिमाली तथा पहाडी क्षेत्रलाई भूकम्पको जोखिम क्षेत्रका रूपमा लिने गरिन्छ।

## आगलागी हुन नदिन चनाखो बनौं।

**आगलागीबाट बच्न,**

- खाना पकाइसकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिन्डरको रेगुलेटर, पाइप वा चुलोबाट ग्याँस लिक भए नभएको यकीन गरौं।
- ग्याँसको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाइटर बालबालिकाले भेटाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाइसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरबस्तीनजीकै पोखरी, टङ्की वा अरू कुनै तरीकाले पानीको जोहो गरिराखौं।

**आगलागीजन्य विपत्‌हरुबाट बच्न चनाखो बनौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड